
# लेखापरीक्षण प्रतिवेदन

# गुरास गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गुरास गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/337

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख।

## कैफियतसहितको राय।

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ८३ लाख ९५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ५९ लाख ६१ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.४१ हजार समेत रु.१४ करोड ४३ लाख९७ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्व १९ करोड ८ लाख ८८ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड १२ लाख ९८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.६ लाख २५ हजार फर्स्यौट भई बाँकी बेरुजु रु.३ करोड ६ लाख ७३ हजारमध्ये असुल गर्नुपर्ने रू.३४ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ११ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २६ लाख १२ हजार र पेश्की बेरुजु रु.३४ लाख ३८ हजार रहेको छ। गत वर्षसम्म रु.५१ करोड १२ लाख ३३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.१ करोड ९६ लाख १३ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रु.५२ करोड २२ लाख ९३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गुराँस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गुराँस गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ८९ | १८२ | ३,१२,९७,५१० | ० | २७ | ६,२४,५६२ | ० | ८९ | १५५ | ३,०६,७२,९४८ | ३४,३८,९५७ | १,२६,११,९२६ | १,११,८३,९६५ | ० | ० | २,३७,९५,८९२ | ३४,३८,१०० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | ५१,१२,३२,९९२ | | १,९६,१३,१७६ | ४९,१६,१९,८१६ | ० | ३,०६,७२,९४८ | ५२,२२,९२,७६४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १७,२२७ |
| २ | २०८०/८१ | | प्रशिक्षक भत्ता | ३,९७५ |
| ३ | २०८०/८१ | | पाठ्यपुस्तक अनुदान | २८,९३४ |
| ४ | २०८०/८१ | | दैनिक भ्रमण भत्ता | ५,७८८ |
| ५ | २०८०/८१ | | दिवा खाजा | ३०,१९० |
| ६ | २०८०/८१ | | कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७,१७१ |
| ७ | २०८०/८१ | | १५ सैया अस्पताल | ५,३१,२७७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | | सामाजिक परिचालकः | ३,६६,६३४ |
| ९ | २०७९/८० | | शिर्षक फरक पारी खर्च लेखेकोः | २,५१,६६० |
| १० | २०७९/८० | | भ्रमण भत्ताः | २,५५,२७० |
| ११ | २०७९/८० | | भुक्तानीमा करः | १९,८४६ |
| १२ | २०७९/८० | | बीमा रकम बढी भुक्तानीः | १०,५०० |
| १३ | २०७९/८० | | बिल भरपाई वेगर भुक्तानीः | १६,२५० |
| १४ | २०७९/८० | | बिल भरपाई: | ३,४८,७५० |
| १५ | २०७९/८० | | फरक शिर्षकमा खर्च: | ५,०७,९३७ |
| १६ | २०७९/८० | | प्रति विधार्थी लागतः | ३,००० |
| १७ | २०७९/८० | | पेश्की फर्स्यौटः | २,५६,००० |
| १८ | २०७९/८० | | छात्रवृत्ति अनुदान: | २६,८०० |
| १९ | २०७९/८० | | गत वर्षको भुक्तानी : | ३,६४,६४५ |
| २० | २०७९/८० | | गत वर्षको दायित्वः | १८,००,३९२ |
| २१ | २०७९/८० | | कार्य संचालन कोष तर्फः | ७३,९०० |
| २२ | २०७८/७९ | | सामाजिक परिचालकः | २०,१५,००० |
| २३ | २०७८/७९ | | राउटे समुदायलाई बाख्रा वितरणः | ४,००,००० |
| २४ | २०७८/७९ | | पेश्की बाँकी : | ८९,६५,१०० |
| २५ | २०७८/७९ | | नाफामूलक संस्थालाई अनुदानः | ४,८९,४९२ |
| २६ | २०७८/७९ | | जीवन सुरक्षा कोषः | ३१,२०,००० |
| २७ | २०७८/७९ | | छात्रवृत्तिः | १,३०,००० |
| २८ | २०७९/८० | | स्थानीय संचित कोषः | १,९२,००० |
| जम्मा | | | | २,०२,३७,७३८ |

# (८०६६७५०१३०० - गुरास गाउँपालिका, दैलेख )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १६४.७९ वर्ग किलोमिटर तथा २१,१८९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२० देखि २०८१।९।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरेको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु. १,१९,०८,८७,९४५।९६, को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,६१,५९८।५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लेपको क्रममा असुली | १६,०५० |
| २ | करकट्टी वापतको असुल | ३,८२५ |
| ३ | प्रशिक्षक भत्ता बढी भुक्तानी, स्थानीय भत्ता घटी कट्टी, पारीश्रमिक कर घटीकट्टी असुल | ५०,९५७.५ |
| ४ | स्थानीय भत्ता कट्टी असुल | १२,४६४ |
| ५ | अनुगमन भत्ता असुल | ३२,२०० |
| ६ | दोहोरो तलब असुल | १,३६,३५२ |
| ७ | अग्रिम कर असुल | ९,७५० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छन्।

वित्तीय प्रतिवेदन

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ४,०३,११,३१०.०२ | ० | ४,०३,११,३१०.०२ | ७,७२,३१,३३६.९५ | ० | ७,७२,३१,३३६.९५ |
| १३००० | अनुदान | | ३६,८८,६७,६४३.९३ | ० | ३६,८८,६७,६४३.९३ | ४५,८२,३८,०००.०० | ० | ४५,८२,३८,०००.०० |
| १४००० | अन्य राजस्व | | ६९,६०,५२५.६८ | ० | ६९,६०,५२५.६८ | १,४१,३९,१९०.०६ | ० | १,४१,३९,१९०.०६ |
| १५००० | विविध प्राप्ति | | १६,७१,५००.०० | ० | १६,७१,५००.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४१,७८,१०,९७९.६३ | | ४१,७८,१०,९७९.६३ | ५४,९६,०८,५२७.०१ | | ५४,९६,०८,५२७.०१ |
| ३ | चालु | | ३५,१८,५८,३६०.६३ | ० | ३५,१८,५८,३६०.६३ | ३३,२८,०४,६०१.७५ | ० | ३३,२८,०४,६०१.७५ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३,७३,९१,५५१.३२ | ० | ३,७३,९१,५५१.३२ | ४,०७,२१,५२३.२० | ० | ४,०७,२१,५२३.२० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,९५,०३,४२२.४८ | ० | ७,९५,०३,४२२.४८ | ६,४१,३८,३९०.७६ | ० | ६,४१,३८,३९०.७६ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ३,६२,५००.०० | ० | ३,६२,५००.०० |
| २६००० | अनुदान | | २२,९७,२७,०२४.३३ | ० | २२,९७,२७,०२४.३३ | २०,९३,६१,२८३.७९ | ० | २०,९३,६१,२८३.७९ |
| २७००० | सामाजिक सुरक्षा | | ३०,४८,७६७.५० | ० | ३०,४८,७६७.५० | ५२,२६,८४९.०० | ० | ५२,२६,८४९.०० |
| २८००० | अन्य खर्च | | २१,८७,५९५.०० | ० | २१,८७,५९५.०० | १,२९,९४,०५५.०० | ० | १,२९,९४,०५५.०० |
| ४ | पूंजीगत | | १२,५३,४३,८०२.५९ | ० | १२,५३,४३,८०२.५९ | १६,२९,८९,५२७.०२ | ० | १६,२९,८९,५२७.०२ |
| ३१११० | भवन तथा संरचना | | ४,२३,२२,११६.३० | ० | ४,२३,२२,११६.३० | ५,१२,३०,३४३.०० | ० | ५,१२,३०,३४३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,१७,०५,४९१.६० | ० | १,१७,०५,४९१.६० | ४४,८७,५४२.६६ | ० | ४४,८७,५४२.६६ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ७५,९२,८०६.०० | ० | ७५,९२,८०६.०० | १,४४,०४,२६२.०० | ० | १,४४,०४,२६२.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | २,४९,७७९.०० | ० | २,४९,७७९.०० |
| ३११५० | सार्वजनिक | | ६,३६,७३,३८८.६९ | ० | ६,३६,७३,३८८.६९ | ९,२३,२१,९७१.३६ | ० | ९,२३,२१,९७१.३६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५०,०००.०० | ० | ५०,०००.०० | १,४५,६२९.०० | ० | १,४५,६२९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | १,५०,०००.०० | ० | १,५०,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४७,७२,०२,१६३.२२ | | ४७,७२,०२,१६३.२२ | ४९,५७,९४,१२८.७७ | | ४९,५७,९४,१२८.७७ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (५,९३,९१,१८३.५९) | | (५,९३,९१,१८३.५९) | ५,३८,१४,३९८.२४ | | ५,३८,१४,३९८.२४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | (६३,४६,४३५.१५) | | (६३,४६,४३५.१५) | (२५,७१,७३८.७४) | | (२५,७१,७३८.७४) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,१२,६५३.२०) | | (१,१२,६५३.२०) | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (६,५७,३७,६१८.७४) | | (६,५७,३७,६१८.७४) | ५,१२,४२,६५९.५० | | ५,१२,४२,६५९.५० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ८,१२,९३,७०८.१७ | | ८,१२,९३,७०८.१७ | ३,००,५१,०४८.६७ | | ३,००,५१,०४८.६७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १,५५,५६,०८९.४३ | | १,५५,५६,०८९.४३ | ८,१२,९३,७०८.१७ | | ८,१२,९३,७०८.१७ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,८३,९५,१८४।, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रु.३,५९,६१,०००, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.४०,८००।, समेत रु.१४,४३,९६,९८४। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९,४०,९५,४८६।१ मौज्दात रहेकोमा यो वर्ष रु.८,१२,९३,७०८.१७ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,२८,०१,७७७.९३ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 2,27,01,720.97 | 2,37,20,808.71 | -10,19,087.7 |
| चालु खर्च खाता | -1,12,653.8 | 61,36,901.59 | -62,49,555.39 |
| पुँजीगत खर्च खाता | -16,59,102.64 | 92,26,834.76 | -1,08,85,937.4 |
| धरौटी | 38,70,704.36 | 36,70,704.36 | 2,00,000 |
| विविध खर्च खाता | 30,37,357.98 | 30,37,357.98 | 0 |
| आन्तरिक राजश्व खाता | 81,835 | 54,679.26 | 27,155.74 |
| **जम्मा** | | | -1,79,27,424.79 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.६२,६४,७११.४९ पुँजीगत खातामा रु.१,२१,४५,७९६.४१, समेत रु.१,८४,१०,५०७.९ मौज्दात रहेकोमा मिति २०८१।४।७ गते सञ्चित कोषमा ट्रान्सफर गरेको पाइयो।

२.५ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,१२,६५३। देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,६५३ |

३ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।८ मा रु.५७ करोड २३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ५ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 2,66,26,000 | 1,70,07,545 | 6.83 |
| २ | पूर्वाधार विकास | 9,26,81,000 | 6,86,63,117.68 | 27.57 |
| ३ | सामाजिक विकास | 28,21,57,000 | 2,53,30,922.84 | 10.17 |
| 4 | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 69,18,000 | 60,82,710 | 2.44 |
| 5 | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 16,13,28,480 | 13,19,37,247.7 | 52.98 |
| | जम्मा | 56,97,10,480 | 24,90,21,543 | 100 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यलय सञ्चालन तथा प्रशासनिक खर्च मा सबैभन्दा बढी ५२.९८ प्रतिशत र संथागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.४४ प्रतिशत रहेको छ ।

## ६ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१ करोड १४ लाख ५१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.४० करो ६३ लाख ४२ हजार समेत रु.४१ करोड ७७ लाख ९३ हजार प्राप्त भएकोमा चालु तर्फ रु.३५ करोड १८ लाख ५८ हजार र पूँजिगत तर्फ रु.१२ करोड ५३ लाख ४४ हजार समेत रु.४७ करोड ७२ लाख २ हजार खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा २.४० प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ६० लाख ८३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५३.१२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८४.२१ प्रतिशत चालु र १५.७९प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ७ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

 स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

 पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

 कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने सुपासमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

 अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को ९३० बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

 ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता म ले प फा नं ५०६ र ५०७ तथा कन्टिन्जेन्सी खाता राखेको पाईएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

 संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

 सञ्चालित योजनाको सूचना पाटीमा आय(व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

 वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ।

 सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन ।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा व गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु। ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

८ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर गुराँस गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

९ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 1,25,344 | 5,311 | 13,577 | 18,693 | 87,763 | 55,855 |
| प्रतिशत | | 4.23 | 10.83 | 14.91 | 70.01 | 44.56 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२ करोड ५३ लाख ४४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५३लाख ११हजार (४.२३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ३५लाख ७७ हजार (१०.८३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१ करोड ८६ लाख ९३ हजार (१४.९१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८ करोड ७७ लाख ६३ हजार (७०.०१ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ५८ लाख ५५ हजार (४४.५६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्थाअनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१० **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १२९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | 41 | 11 | 22 | 8 |
| २. | वडास्तरीय | 78 | - | 8 | 70 |
| | जम्मा | 119 | 11 | 30 | 78 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११९ योजनामात्र कार्यान्वयन भई ६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

११ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१२ **बजेट अवण्डा** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४३,००,०००।अबण्डा बजेट व्यवस्था गरी १० योजनामा रु.४२,७९,७७१। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बखर्च |
|---|---|---|
| 1 | वडा कार्यालय गेट निर्माणतथा सिमेसाल सडक सोलिंग गुराँस १ | 4,67,200 |
| 2 | यदिखोला सिंचाइ योजना गुरास-२ | 6,22,875 |
| 3 | दोबाटो देखि सेरी सडक पक्की नाला निर्माण | 12,22,334 |
| 4 | घरघरमा सिंचाइ पोखरी निर्माण | 12,20,908 |
| 5 | गुराँस गा पा फिल्ड व्यवस्थापन योजना | 6,69,000 |

१३ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

१४ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ११९ | ६ | - | - | - |

पालिकाले यस आ.व मा ११९ योजनाहरु कार्यान्वियन गर्न बजेटको व्यवस्था गरेकोमा ६ वटा योजना कार्यान्वियन हुन नसकेको र ११३ योजनाले ९४.९५ प्रतिशत सम्म प्रगति गरेको पाइयो। पालिकाले योजना छुट्याउँदा १०० प्रतिशत र सम्पुर्ण योजना कार्यान्वियन गर्न सक्ने गरि गरिनु पर्दछ।

१५ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस मिति २०८०।६।९ को कार्यापालिकाको बैठकले भुक्तानी दिनबाँकी

रु.१,१८,३०,२७० प्रमाणीत गरेको पाइयो। गत वर्षको भुक्तानी दिनबाँकी रहेको रु.१,७०,४५,५६४.४५ चालु खर्च र रु.५२,५०,११३। पुँजिगत खर्चमा गरी जम्मा रु.२,२२,९५,६७७। भुक्तानी दिएको छ।बजेटमा व्यवस्था गरेको भन्दा रु.५२,१५,२९४। बढी भुक्तानी गरेको पाइयो।बजेटमा व्यवस्था गरेको भन्दा बढी खर्च लेखिनु नियम सम्वतदेखिएन। पालिकाले कार्यक्रम संचालन गर्दा आगामी वर्षमा दायित्व सृजना नहुने गरि कार्यक्रम संचालन गर्न पालिकाले ध्यान दिनुपर्दछ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१७ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी ५४ जना कर्मचारीलाई तलव भत्ता रु.१,४६,०८,२५६। भुक्तानी गरेको पाइयो। माथि उल्लेखीत पद बहायकका अन्य पदमा करारका कर्मचारी नियुक्त गरी रु.८३,५३,८२६। भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८३,५३,८२६ |

१८ **सेवा प्रवाहको स्थितिः**

पालिकाबाट यस आर्थिक वर्षमा निम्नअनुसार पन्जिकरण सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्म दर्ता | १,४२१ |
| मृत्यु दर्ता | ३९३ |
| बसाईसराई दर्ता | ८३२ |
| विवाह दर्ता | ६०२ |
| सम्बन्धविच्छेद दर्ता | २८ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

१९ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार लिलाम विक्री गर्नुपर्ने ल्यापटप २२ थान, दराज ३थान, टय्यावलेट ५ थान, फोटोकपी मेसी ८ थान, ग्यास हिटर २ थान, मोबाइल १२ थाल लगायतका सामानहरु लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा लेखापरिक्षण अवधि सम्म प्रकृया अगाड बढाएको पाइएन।पालिकाबाट वडाका लागि खरिद गरिएका

जिन्सी खर्च भएर जाने/नजाने सामानहरु पाम्समा प्रविष्टी गर्नु पर्नेमा वडा कार्यालयहरुमा हस्तान्तरण फारम भरी पठउने गरेको पाइयो। अतः जिन्सीको पालिकामा सहायक खाता व्यवस्थापन गर्नु पर्दछ हस्तानतरण गरिनु हुँदैन। हस्तान्तरण गरि पठाए पछी सम्पतीको अवस्था पाम्सको जिन्सीमा नदेखिने हुँदा सहायक खाता राखिनुपर्दछ।

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

२१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | 2075/1/2 | क) कित्ता नं. ५६३ क्षेत्रफल ४८५<br>ख) कित्ता नं. ५६१ क्षेत्रफल १२०५ | | |
| | 2077/12/13 | ग) कित्ता नं. २२२ क्षेत्रफल ३०० | 9,55,000 | |
| | 2076/2/15 | घ) कित्ता नं. ३३३ क्षेत्रफल ९८० | | |
| | 2074/11/21 | ङ) कित्ता नं. ५५९ क्षेत्रफल १०२५ | | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मितिमा | मोटरसाइकल ३५, एम्बुलेन्स २ वटा, व्याकहो लोडर २ वटा, स्कार्पियो १ वटा, बोलेरो गाडी १ वटा | 2,86,54,374 | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | मोटरसाइकल ६ वटा | | |

पालिकाले उपलब्ध गराएको विवरणमा मोटरसाइकल-६ बेचल्तीमा रहेको उल्लेख गरेकोमा लेखापरिक्षण अवधि सम्म मर्मत तथा लिलाम प्रकृया अगाडी बढाउनु पर्नेमा बढाएको पाइएन।

२२ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २२ संघसंस्था र व्यक्तिहरुलाई रु.३,३५,०००।आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,१४,५१,७५८.६९ को २.९२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

२३ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई

औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस निकाय/पालिका/अस्पतालवाट १७ जनाको लागि रु.७,८०,०००। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | मृगौला प्रत्यारोपण | 3 | 1,80,000 |
| २ | मेरुदण्ड पक्षघात | 4 | 1,95,000 |
| ३ | क्यान्सर रोग | 10 | 4,05,000 |
| | **जम्मा** | | 7,80,000 |

२४ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुन उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ३ वटा नियमावली, ४९ कार्यविधि लगायत १४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

२५ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११ र यो वर्ष थप भएको ३३ गरी कुल ४४ विवाद दर्ता भएकोमा २७ वटा मात्र फर्स्यौट भई १७ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२६ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२७ **सहकारी नियमन**-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४८ वटा सहकारी संस्था रहेका छन्। पालिकामा क्रियासिल रहेका १२ वटा १५ सामान्य तथा २१ निस्कृय रहेको पाइए पनि एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२८ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड ५३ लाख ४४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२९ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पुँजिगत निर्माण कार्यक्रममा चार वटा निर्माण व्यवसायीलाई रु.४४,०४,६७५।पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| मिति | भौचर | विवरण | निर्माण व्यवसायी | पेश्की रकम |
|---|---|---|---|---|
| ०१/०३/२०८१ | १० | श्री नेपाल रा. मा . वि . २ कोठे भवन , गुराँस - ६पिताडी | जगन्नाथ निर्माण सेवा | १०,१०,०५५ |
| ०१/०६/२०८१ | ११७ | मालिका मा. वि . छोटेपोखरा भवन निर्माण गुराँस ०८ पिलाडी | न्यु कालिका कन्स्ट्रक्सन | ५,४६,६०० |
| ०२०८१/ ०१ / २३ | ११९ | समपुरक साझेदारी | न्यु कालिका कन्स्ट्रक्सन | ३,६४,४०० |
| ०१/२६/२०८१ | १२६ | समपुरक साझेदारी | राम चन्द्र निमर्ण सेवा | ४,१६,६७५ |
| ०१/३०/२०८१ | १२ | श्री नेपाल रा . मा . वि . २ कोठे भवन , गुराँस - ६पिताडी | जगन्नाथ निर्माण सेवा | ७,५४,९४५ |
| ०२/०३/२०८१ | १३७ | समपुरक साझेदारी | राम चन्द्र निमर्ण सेवा | ४,१६,००० |
| ०२/२४/२०८१ | १७३ | सवारी साधन ( ब्यकहो लोडरण | अन्गी इन्कर्पेरिड प्रा. ली . | १०,००० |
| ०२/२४/२०८१ | १७३ | एम्बुलेन्स खरिद | अन्गी इन्कर्पेरिड प्रा. ली . | ६,४०,००० |
| ०२/१२/२०८१ | ४०७ | सेवा र परामर्स खर्च | वल्ड वाईड प्रोडक्सन प्राली | २,४६,००० |
| | | जम्मा | | ४४,०४,६७५ |

३१ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको

अन्त्यसम्म फस्र्यौट नभई रु.३४,३८,१००। बाँकी रहेको देखिन्छ। फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| मिति | भौ. न | विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| ०६/२५/२०८० | ७२ | विविध खर्च | उदयराज जोसी | ३,०००.०० |
| ०६/२५/२०८० | ७२ | सवारि साधन तथा मेसिनर औनार भाडा | उदयराज जोसी | २५,०००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | गुराँस अस्पताल | १०,६००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री आदरभुत स्वास्थ सेवा केन्द्र धमरपोखरा | २६,५००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी खड्कबडा | २१,२००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी गोगन पानी | १५,९००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी पिडाली | ६८,९००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी लालिकाँडा | २६,५००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी सेरिवाडा | ४७,७००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री स्वास्थ चौकी सेरी | ७९,३००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री सामुदायि स्वास्थ ईकाइ सेप्टी | ४२,४००.०० |
| २०८०/०९/०५ | ४४ | स्थानिय तह तर्फ मातृ तथा नबशिशु कार्यक्रम आमा सुरक्षा,गर्भवति उत्पेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निसुल्क गर्भपतन र नबजात शिशुको निसुल्क उपचार कार्यक्रम | श्री सामुदायि स्वास्थ ईकाइ पुरैनी | ६३,६००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | गुँरास अस्पताल | १०,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री आधरभुत स्वास्थ सेवा केन्द्र भरमपोखारा | २५,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी खड्कबडा | ३०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी गोगन पानी | २०,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी पिडाली | ५५,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी लालिकाँडा | २५,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी सेरिवाडा | ४५,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी सेरी | ४०,०००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री स्वास्थ चौकी सानाकाँडा | ३२,५००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री सामुदायि स्वास्थ ईकाइ सेप्टी | ४२,५००.०० |
| २०८०/०९/०६ | ५ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | श्री सामुदायि स्वास्थ ईकाइ पुरैनी | ६२,५००.०० |
| २०८१/०२/३० | २३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | वालकल्यण नमुना प्राथामिक वद्यालय | २०,०००.०० |
| २०८१/०२/३० | २३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | भगवति मा.वि.गुँरास १ सेप्टी | ६५,०००.०० |
| २०८१/०२/३० | २३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | लक्ष्मी मा.वि | ६५,०००.०० |
| २०८१/०२/३० | २३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री जय जनता मा.वि | ३०,०००.०० |
| २०८१/०२/३० | २३६ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री शान्ती मा.वि गुँरास | ६५,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | वालकल्यण नमुना प्राथामिक वद्यालय | १,८०,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | भगवति मा.वि.गुँरास १ सेप्टी | ५,८५,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | लक्ष्मी मा.वि | ५,८५,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री जय जनता मा.वि | २,७०,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री शान्ती मा.वि गुँरास | ५,१७,०००.०० |
| २०८१/०३/०५ | २४३ | विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री शान्ती मा.वि गुँरास | ६८,०००.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २०८०/१०/०६ | ५ | कार्यविधिमा आधारित राहतवितरण (वडा तर्फ) | सम्झना बुमारी बि.क. | ५०,०००.०० |
| २०८०/१२/०४ | ३१९ | विमा तथा नविकरण खर्च | डम्बर प्रसाद आचार्य | १,२०,०००.०० |
| | | जम्मा | | ३४,३८,१०० |

| | |
|---|---|
| पेश्की | ३४,३८,१०० |

३२ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 36,88,49,709.93 | 1,14,51,758.69 | 3.1 |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 3.1 प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३३ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,०२,००,०००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१,१४,५१,७५८.६९ अर्थात अनुमान भन्दा ५६.६९ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३४ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले ३९६ व्यवसाय दर्ता, २३२ नवीकरण रु.२,५५,४५०।कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३५ **राजश्व वाँडफाँड -**

ढुंगा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ मा पालिकाले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रीबाट प्राप्त राजस्वमध्ये चालिस प्रतिशत सम्वन्धित प्रदेश सरकारको संचित कोषमा जम्मा हुने गरी बाँडफाड गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम बाँडफाँड गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्न रु.

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | 5,05,000 | 2,05,000 | 0 | 2,02,000 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०२,००० |

३६ **असुली गर्न बाँकी आन्तरिक आय –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। लोहोरे खोला कर्णाली नदी किनारमा आइ.इ.इ मा उल्लेख गरिएको २२६९०

घ.मि को न्युनतम कायम रकम रु.२४०३५५१७। मा सुचना निकाल्नु पर्नेमा पालिकाले रु.२००१९८४।०८ लागत अनुमान कायम गरी सुचना प्रकासन गरेको पाइयो।

३६.१  पालिकाले दहत्तर वहत्तरको २ पटक सम्म सुचना प्रकासन गर्दा ठेक्का नलागे पछी वडा बाट पुन मिति २०८०।११।१४ मा सुचना प्रकाशन गर्दा कति परिमाण यकिन नगरी रु.१०लाख न्यूनतम रकम कायम गरी प्रकाशन गरेको पाइयो। वडाले प्रकाशन गरेको सुचना अनुसार दर्ता भएका मध्ये बढी कबोल गर्ने विराज एण्डजयन्ती कन्ष्ट्रक्सन सँग मिति २०८०।११।१४ रु.१०,१०,०००। मा मिति २०८०।११।१४ मा संझौता गरेको पाइयो। सुचनामा संझौताका बखत कबोल अंको आधा रकम र आधा रकम असार मसान्त सम्म बुझाउनु पर्ने उल्लेख गरेको पाइयो। कन्ष्ट्रक्सन कम्पनीले मिति २०८१।१।२१ मा रु.५,०५,०००। दाखिला गरी रु.५,०५,०००। हालसम्म दाखिला नभएकाले १० प्रतिशतले हुने व्याज समेत रु.५,५५,५००।निजसँग असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५५,५०० |

३६.२  निर्माण व्यवसायी मार्फत गरिने काममा १३% मु.अ.कर दाखिला गर्न लगाउनु पर्नेमा सुचनामा मु.अ.कर को व्यवस्था उल्लेख गरेको पाइएन। अतः कन्ष्ट्रक्सन कम्पनी सँग बुझाउनु पर्ने मु.अ.कर रु.१,३१,३००। नबुझाएको पाइएकाले दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,३०० |

३७ **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 27,00,000 | 22,21,615.78 | **82.28** |
| घरजग्गा वहाल कर | 2,00,000 | 2,45,306.25 | **122.65** |
| व्यवसाय कर | 3,00,000 | 2,55,450 | **85.15** |
| वहाल विरौटी शुल्क | 1,00,000 | 0 | **0.00** |
| भूमी मालपोत | 50,00,000 | 5,05,000 | **10.10** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **राजश्व अभिलेख** -

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

३९ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४० **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ। सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ। पालिकाले यस वर्ष विभिन्न ८३ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.३ करोड ९० हजार खर्च गरेको छ। उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छन्।

४१ **निर्माण लगत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन। पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन। यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन। पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ।

४२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

४३ **उपभोक्ता समितिको योगदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२)अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिलेव्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ। कार्यालयले उपभोक्तासमितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमालागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्तासमितिको अंश वा योगदान तोकिदिने गरेको छ। यसबाट उपभोक्ता समितिहरुले व्यहोर्नेयोगदानमा एकरुपता देखिएको छैन। योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारिण गरीनिर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामाउल्लेख गर्नुपर्दछ।

४४ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्तिगरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माणव्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेसामानको गुणस्तर परीक्षण गरेको पाइएन।

४५ **हस्तान्तरण**

**हस्तान्तरण**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम१३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्नेजिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेव्यवस्था छ। पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरीजिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन। निर्मितसंरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमाराज्यको दायित्व घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरीनिर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ।

४६ **परम्परागत कला संस्कृति संरक्षण कार्यक्रम उपभोक्ता समिति**

आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।भौ.५७७-०८१।३।२४ बाट परम्परागत कला संस्कृती संरक्षण कार्यक्रम उपभोक्ता समितिलाई रु.५०,०००।भुक्तानी भएकोमा विल भर्पाइ रु.४१,६२७। पेश भएकाले विल भन्दा बढी भुक्तानी भएको रु.८,३७३। सम्वन्धित सँग असुल गरि गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३७३ |

४७ **टुक्रा पारी कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३.क को (३) मा सार्वजनिक निकायले एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएमाबाहेक प्रतिस्पर्धालाई संकुचन र सीमित पार्न नहुने उल्लेख छ त्यस्तै नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माणको लागि रु.१ करोड १५ लाख विनियोजन गरी प्रि फेव्रिकेटेड अफिस विल्डिङमा रु.३६ लाख १५ हजार, हालको प्रशासकीय भवनमा रु.३८ लाख ६१ हजार लगायतमा रु.१ करोड १४ लाख ८५ हजार भुक्तानी दिएको छ। पालिकाले कार्यालय परिसरभित्र गार्ड घर, शौचालय, पर्खाल निर्माण तथा रिटेनिङ वाल निर्माणको लागि प्याकेज तयार नगरी सोझै निर्माण गराएको नयम संवत देखएन।

| क्र.सं. | विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गार्ड घर निर्माण | जेनिका एण्ड अभियान निर्माण सेवा | ९,२५,८५७ |
| २ | पालिका भवन भित्र शौचालय र पर्खाल सिढी निर्माण | गुराँस निर्माण सेवा | ८,७८,६३० |
| ३ | कार्यालय परिसरमा रिटेनिङ वाल | के.के.टी. निर्माण सेवा | ९,९८,४९३ |
| | | जम्मा | २८,०२,९८० |

४८ **कालिका मावि भवन निर्माण**

पालिकाले कालिका मावि भवन निर्माणको लागि लागत अनुमान रु.१,१८,८४,८२१।(मूल्य अभिवृद्धि कर बाहेक) भएकोमा न्यून कबोल गर्ने निर्माण व्यवसायी न्यू कालिका कन्स्ट्रक्सनसँग रु.८०,७९,०९५।० मिति २०८१।३।२० मा सम्पन्न गर्ने गरी मिति २०८०।१२।१८ मा सम्झौता भई यस वर्ष रु.९,११,०००। पेश्की र प्रथम रनिङ विलको रु.१९,११,१५१। भुक्तानी दिइ सम्झौता बमोजिमको तोकिएको समयमा कार्य सम्पन्न भएको भएको छैन। पालिकाले मिति २०८१।८।३० सम्म म्याद थप गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने, नियम १२०(१) मा म्याद थपको निवेदन पेस गर्दा कार्यसम्पादन

जमानत, विमा तथा पेश्की सम्बन्धी जमानतको अवधि थप गरी पेश गर्नुपर्ने उल्लेख छ। कालिका मावि विद्यालय भवन निर्माणको २०८१।८।३० सम्म अवधि थप गरेको भएता पनि कार्यसम्पादन जमानतको २०८२।४।३० अवधि भएको पेस छ। निर्माण कार्यको अवधि थप गरेको अवस्थामा समेत कार्यसम्पादन जमानतको म्याद थप गरेको पाइएन। कानुनमा व्यवस्था भए बमोजिम कार्यसम्पादन जमानतको मान्य अवधी थप गर्ने तर्फ पालिकाले ध्यान दिनु गर्नुपर्दछ

४९ **बहुउद्देश्यिय कृषि फर्म**

वडा नं ३ कार्यालय बाट संचालित कृषि फर्म जग्गा भाडामा लिइ संचालनमा रहेको पाइयो। लागत अनुमान रु.१२,१९,४९६। भएको वडा नं ३ को वहुउद्देश्यीय कृषि फर्म घेरबारा कार्य रु.१२,०५,५०१। गरेको पाइयो। गुराँस कृषि अनुसन्धान तथा उत्पादन केन्द्र सञ्चालन र व्यवस्थापन कार्यविधि २०७९ को बुँदा नं.१८ समितिको कोष आर्थिक प्रशासन सम्वन्धि व्यवस्थापनमा गुराँस कृषि अनुसन्धान तथा उत्पादन केन्द्रको आर्थिक कारोबारको लागि छुट्टै कोष हुने र केन्द्रको सबै खर्च कोष बाट व्यहोर्ने, गाउँपालिकाबाट विनियोजिन रकम प्राप्त गर्ने साथै बुँदा १९(४) मा केन्द्रले आम्दानी गरेको खुद आय (आम्दानी बाट खर्च घटाई) ३५% केन्द्रमा र ६५% अन्तिम लेखापरिक्षण सकिएको ५ दिन भित्र गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था भएकोमा छुट्टै कोष खाता संचालन गरेको पाइएन। यसमा हाल सम्म कति खर्च भयो र कति आम्दानी भएको छ यकिन गर्न सकिएन।

५० **सार्वजनिक सूचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ। उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ। यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन। प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ।

५१ **नेपाल कृषि विकास फर्म**

पालिकाले कृषि क्षेत्र प्रवर्द्धनको उदेश्यले टिस्यू कल्चर गर्ने, हाइटेक नर्सरी स्थापना गरी आलु तथा फलफूलको विउ, विरुवा उत्पादन र ल्याव स्थापना गर्ने गरि नेपाल कृषि विकास फर्म प्रा.लि (कोहोलपुर बाँके) को ५१% (रु.२,०३,७२,२६४) र पालिकाको ४९% (रु.१,९५,७३,३५२) अंश रहने गरी मिति २०७५।१२।२६ मा संझौता गरेको पाइयो। संझौतामानै नाफाको बाँडफाँड गर्दा नाफा रकमको पालिकालाई २०% र फर्मलाई ८० % रहने उल्लेख गरेको पाइयो। फर्मको संझौतामा खाता संचालन नेपाल कृषि विकास फर्मको खाता नं ११८०३८०१०६३४०८००००००४ बाट गरिने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पेश्की रु.४०,००,०००। समेत रु.१,९६,०१,५६१।८९ को मात्र विल उपलब्ध गराएको र प्रमाण पेश गरेको छ। कृषि विकास फर्मले लगानी गरेको प्रमाण पेश गरेको पाइएन।

- मिति २०७९।१०।११ को गाउँ सभाको वैठक र मिति २०७९।१०।२७ को गाउँकार्यपालिको वैठकले मिति २०७५।१२।२६ गते नेपाल कृषि विकास फर्म सँग भएको संझौता रद्द गरी गाउँ पालिका/दोस्रो पक्षलाई मिति २०७९।१०।२४ मा रुजु भएका भौतिक सम्पतीको मुल्याङ्कन प्रथम पक्षले १ मिहिना भित्र सम्पन्न गरी रिपोट पेश गर्नु पर्ने उल्लेख छ।साथै मिति २०७९।११।२८ गते पुन दोस्रो पक्षले प्रथम पक्षले रुजु गरेका सामानको पुन रुजु तथा मुल्याङ्कन गर्दा टुटे फूलेको सामानको मुल्याङ्कन नगरिने उल्लेख छ। वहालमा लिएको जग्गाको अवधि थपगर्ने साथै सर्त बमोजिमको भौतिक सम्पतीको मुल्याङ्कनको रकम ६ महिना भित्र वुझाउन नसकेमा प्रचलित वैक व्याज लगाउन सक्ने उल्लेख छ। तर हाल सम्म यो विषय वस्तु टुङ्गिएको पाइएन।
- कृषि क्षेत्रको विकासको लागि पालिका अन्तर्गत वडा नं.४ घोडाबासमा रहेको साविकको कृषि विकास फर्म रहेको ठाउँमा गुराँस कृषि अनुसन्धान केन्द्र संचालन गरी गुणस्तरिय आलुको पूर्व मुल विउ उत्पादन विभिन्न फलफूल विरुवाहरु र पशुपन्छी जन्य बस्तुमा अनुसन्धान तथा उत्पादन गरि पालिका भित्र औद्योगिक तथा पर्यटनको विकास गर्ने उद्वेश्य अनुरुप गुराँस कृषि अनुसन्धान तथा उत्पादन केन्द्र सञ्चालन तथा स्थापना कार्यविध जारि गरेको पाइयो। कार्यविधिको बुदा नं ३ मा निर्देशक

समिति र बुदा नं ४ मा केन्द्रको संचालन र समन्वय समिति रहने व्यवस्था छ।जुन समितिले केन्द्रको चौमासिक तथा बार्षिक कार्यक्रम तयार गरी निर्देशक समिति बाट स्विकृति प्राप्त गरी कार्यान्वियन गर्ने, केन्द्रको संचालनको लागि आवश्यक वजेट निर्देशक समिति बाट कार्य पालिका र गाउँ सभा मा पेश गर्ने, केन्द्र संचालनका लागि आवश्यक जनशक्ति तथा केन्द्र सामाग्रीहरु सार्वजनिक खरीद ऐन अनुरुप आपति तथा व्यवस्थापन गर्ने सामाग्रमको मासिक चौमासिक तथा वार्षिक प्रगति तयार गरी निर्देश समिति तथा गाउँसभामा पेश गर्ने,केन्द्रमा उत्पादित पूर्व मुल वीउ तथा अन्य कृषि परिमाण प्रमाणित निर्देशक समितिमा पेश गर्ने, उत्पादित कोष वस्तुका मुल्य निधारणका लागि रायसहित निदेशक समितिमा पेश गर्ने, केन्द्रमा उत्पादित पूर्व मुल वीउ तथा विरुवाहरुको बिक्रि वितरण गर्नेउल्लेख छ। साथै परिच्छेद ३ मा ल्याव संचालनका लागि आवश्यक सम्पुर्ण मेसिनरी औजार खरिद गर्ने तथा संचालनमा ल्याउन आवश्यक प्रकृया तथा कृयाकलाप गर्ने व्यवस्था गरेको छ। कृषि विकास फर्मको स्थल गत रुपमा निरिक्षण गर्दा ल्याव भवन बनेर वसेको तर मेसीनरी इक्यूमेन्ट नभइ भवन खाली रहेको, जेनेरेटर खरिद गरिएको प्रयोगमा नआएको, कोल्ड चेन प्रयोगमा नल्याइ विग्रिएर बसेको, आलुको पूर्व मूल विउ उत्पादन गर्ने भनेकोमा विउ उत्पादन प्रकृया थालनि नभएको तथा आधुनिक ग्रिन हाउस हरु पनि संचालनमा पूर्ण रुपमा आएको पाइएन। पालिकाले सेवा प्रवाहलाई मूल उदेश्य बनाउनु पर्नेमा नाफा कमाउने र राजश्व वृद्धि गराउन प्रयास गरेको पाइए पनि फर्म पूर्ण रुपमा संचालनमा आएको छैन। यस वर्ष पालिकाले यस कृषि फर्मलाई रु.८० लाख विनियोजन गरेकोमा रु.३३ लाख ६८ हजार विरुवा उत्पादन, विउ खरिद तथा त्यस फर्ममा कार्यरत ज्यालादारी कर्मचारीलाई ज्याला आदिमा खर्च गरेको छ। त्यस फर्मबाट विरुवा उत्पादन तथा विक्रीबाट यस वर्ष रु. १२ लाख ३५ हजार आम्दानी गरेको छ। पालिकाले हाल सम्म त्यस फर्ममा कती खर्च भयो र कती राजश्व आम्दानी गर्यो हिसाव राख्ने नगरेकाले कति लगानी भयो चालु तथा पुँजिगत गरी यहिन हुन सकेको छैन।

## ५२ नेपाल राष्ट्रिय मावि भवन निर्माण

पालिकाले नेपाल राष्ट्रिय मावि गुराँस –६ को भवन निर्माण रु. १५३३७३५२।० (मूल्य अभिवृद्धि कर र पिएस सहित) लागत अनुमान भएकोमा सबै भन्दा कम कबोल गरी सारभूतरुपमा प्रभावग्राही जगन्नाथ निर्माण सेवासँग रु.१०१,००,५५१।०(मूल्य अभिवृद्धि कर र पिएस सहित) मिति २०८१।२।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१२।७ मा सम्झौता भएकोमा यस वर्ष रु.८३,२४,७९१।० भुक्तानी दिएको सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छन्

| गोश्वारा भौचर | साझेदारी श्रोत | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०-२०८१।१।१३ | प्रदेश सशर्त अनुदान | पेश्की | १०१००५५ |
| १२-२०८१।१।३० | प्रदेश सशर्त अनुदान | पेश्की | ७५४९४५ |
| ४६-२०८१।३।२४ | प्रदेश सशर्त अनुदान | भुक्तानी | २०००००० |
| १६३-२०८०।२।२१ | कर्णाली प्रदेश समपुरक अनुदान | भुक्तानी | २८०७२२३ |
| २९९-२०८०।३।२४ | कर्णाली प्रदेश समपुरक अनुदान | भुक्तानी | ८८६५६८ |
| ३०४-२०८१।३।२४ | समानीकरण अनुदान | भुक्तानी | ८६६००० |
| | | जम्मा रकम | ८३२४७९१ |

५२.१ सार्वनिक खरिद नियमावली, २०६४ को नियम ११३ नियम ४ मा पेश्की भुक्तानी दिँदा बैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख भएको त्यस्तै नियम ६ अनुसार खरिद सम्झौतामा उल्लेख भए बमोजिमको समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्योट नसकेमा सार्वजनिक नियकाले बैक जनमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरी फर्स्यौट गर्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण व्यवसायी जगन्नाथ निर्माण सेवालाई रु.१७,६५,०००।० पेश्की भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि सम्म पेश्की फर्स्यौट भएको छैन । बैक जमानतको म्याद मिति २०८१।३।११ मा समाप्त भएकोले उक्त पेश्की जोखिममा रहेको देखिएको छ । पालिकाले पेश्की दिएको रकम असुल फर्स्यौट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबू बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मानसिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजमि म्याद थप गर्न सक्ने उल्लेख छ । पालिकाले २०८१।२।१७ को निर्माण व्यवसायीको निवेदनको आधारमा सुरु सम्झौताको

अवधि २०८१।२।२० सम्म भएकोमा २०८०।८।३० सम्म थप कानुनमा उल्लेखित कारण बाहेक पालिकाले म्याद थप गरेको देखिन्छ । यसरी विना कारण म्याद थप गर्ने कार्य निन्त्रण गर्नुपर्दछ ।

५२.३ कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ (१) मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोझनाको प्रकृति, आवश्यकता, सम्भाव्य उपलब्धि, दिगोपाना लगायतका आधारमा कुल लागतको पचास प्रतिशतसम्म प्रदेश सरकारले र बाँकी सम्बन्धित स्थानीय तह र अन्य स्रोतबाट जुटाउनु पर्ने उल्लेख छ । पालिकाले नेपाल राष्ट्रिय मावि गुराँस-६ को भवन निर्माणको रु. १,०१,००,५५१।० मा ठेक्का व्यवस्थापन भई यस वर्ष रु.८३,२४,७९१।० खर्च भएको छ । कार्यविधिमा पचास प्रतिशतसम्म प्रदेश सरकारले अनुदान उपलब्ध गराउने उल्लेख भएकोले निर्माण कार्यको ५० प्रतिशत रु.५०,५०,२९५।० प्रदेश सरकारले व्यहोर्नुपर्नेमा प्रदेश सरकारको तर्फबाट रु.७४,५८,७९१।० भुक्तानी भएको छ । प्रदेश सरकारले व्यहोर्ने अंश भन्दा रु.२४,०८,५१५।० बढी खर्च गरेकोले बढी खर्च भएको रकम प्रदेश संचित कोष फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,०८,५१५ |

## ५३ वडा कार्यालय भवन निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने उल्लेख छ। पालिकाले देहायको वडा कार्यालय भवन निर्माण गरी रु. ४०,९०,०००।भुक्तानी दिएको देखियो। कानूनमा व्यवस्था भए भन्दा फरक वडा कार्यालय भवन निर्माणका लागि उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी भएको रकम नियमसम्मत देखिएन।

| भौचर नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १८३-२०८१।२।३० | वडा नं. ४ कार्यालय हल निर्माण उपभोक्ता समिति | १४,४०,००० |
| २८५-२०८१।३।२३ | वडा नं. ३ कार्यालय भवन निर्माण उपभोक्ता समिति | २६,५०,००० |
| | जम्मा | ४०,९०,००० |

## ५४ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी दिँदा नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। वडा नं. ४ कार्यालय हल निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा शिल व्याण्ड र लिन्टल ब्याण्ड १.०७ घनमिटर नघटाई वालको रु.१५,८७४। का दरले रु.१६,९८५।बढी भुक्तानी दिएको असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९८५ |

## ५५ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान रु.९७,६०,१२३।२५ लागत अनुमान भएको कृषि क्याम्पस भवन निर्माण कार्य मिति २०७७।३।३० मा सम्पन्न गर्ने गरी रु.८१,७७,७४०।६५ मिति २०७७।२।१८ मा एन एस विल्डर्स सँग संझौता भएको थियो। मिति २०७७।३।३१ बाट रु.४,७५,०००।, मिति २०७७।६।११ बाट रु.११,८३,६१२।३२, मिति २०७७।८।१७ बाट रु.२७,३९,९०८।८४, मिति २०७७।१२।१० बाट रु.९,००,०००। र मिति २०७८।३।२४ बाट रु.१७,५७,६२२।८२ गरी जम्मा रु.७०,५६,१४३।९८ भुक्तानी दिएको पाइयो।मिति २०७७।३।१७ बाट निर्माण व्यवसायीलाई दिएको पेश्की रु.७,२२,५००। कुन् पनि विल बाट कट्टा गरेको पाइएन। अतः

पेश्की कट्टा गरेको प्रमाण नभेटिएकाले सो पेश्की रकम समेत रु.७७,७८,६४२.३२ भुक्तानी दिएको पाइयो। योजनाको अवधि मिति २०७७।३।३०सम्म भएकोमा मिति २०७८।३।२४ मा समेत भुक्तानी गरेको पाइएता पनि योजनाको अवधि थप गरेको पाइएन। पाँचौ रनिङ्ग विल सम्म रु.८४,१३,०८१।४१कार्य गरेको प्रमाण पेश गरेको पाइयो। संझौता अनुसार निर्माण व्यवसायीलाई रु.३,९९,०९८। ३३ भुक्तानी दिन बाँकी देखिएको छ। निर्माण व्यवसायीले कार्य स्विकार नवनाएको साथै काम गर्न बाँकी रहेको र भवन हाल सम्म प्रयोगमा आउन नसकेको पाइयो। अतः बाँकी काम सम्पन्न गर्न लगाउनु पर्दछ।

५६ **उपभोक्ता समितिलाई व्यवस्थापन खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सक्ने व्यवस्था गरेकोमा उक्त ऐन तथा नियमावलीमा उपभोक्ता समितिलाई व्यवस्थापन खर्च भुक्तानी गर्नपर्ने उल्लेख छैन। गुराँस गाउँकार्य पालिकाको मिति २०७९।९।५ को निर्णय नं. ४ अनुसार रु.५ लाख सम्मका योजनाहरुमा रु. ३ हजार रु. ५ लाख भन्दा माथिका योजनाहरुमा रु. ५ हजार प्रशासनिक खर्च उपलब्ध गराउने निर्णयानुसार नमुना परिक्षणका क्रममा देहायको उपभोक्ता समितिलाई प्रशासनिक खर्च बापत थप रु. ५२,०००।० उपलब्ध गराएको छ। निर्माण कार्यको लागत बढ्ने गरी कानुनमा व्यवस्था नभएको व्यवस्थापन खर्च भुक्तानी दिएको नियमसम्मत देखिएन। यसमा सुधार गर्नुपर्दछ।

| क्र.सं. | योजनाको नाम | प्रशासनिक खर्च भुक्तानी |
|---|---|---|
| १. | सरस्वती प्रावि भैरिपोखरिद फिल्ड निर्माण | ३,००० |
| २ | वडा कार्यालय वाइरिङ तथा मर्मत वडा नं.७ | ३,००० |
| ३ | भित्रिखोला नौतले खानेपानी योजना | ५,००० |
| ४ | गगनपानी पिङ्गेडाँडा खानेपानी निर्माण तथा मर्मत | ३,००० |
| ५ | भैरवस्थान देखि विद्यालय सम्मबाटो निर्माण | ३,००० |
| ६ | वडा नं. ४ कार्यालय हल निर्माण | ५,००० |
| ७ | भैरवी प्रा.वि. रानीवन घेरबार निर्माण | ३,००० |
| ८ | काफल तोलि ट्याङ्की निर्माण | ३,००० |
| ९ | गगनपानी असौजे अटितडा सडक मर्मत | ५,००० |
| १० | मिमिर्के सामूदायिक भवन निर्माण | ३,००० |
| ११ | टिमिले खोलादेखि डुँडाखेतसम्म सिचाइ योजना | ५,००० |
| १२ | काफलमेला बडापाखा खानेपानी योजना | ५,००० |
| १३ | तल्लो गुराँसे सामूदायिक भवन निर्माण वडा नं. ४ | ३,००० |
| १४ | बोहोरा कुल देवता निर्माण | ३,००० |
| जम्मा | | ५२,००० |

५७ **घटी योगदान** (१६२-२०८०-८-२१):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले गर्चाखोला आर्याघाट प्रतिक्षालय निर्माण उपभोक्ता समितिलाई प्रतिक्षालय निर्माण गरी रु.२,८२,१५०। भुक्तानी गरेको छ। कुल कार्य ३,१०,०२१। कार्य गरेकोमा रु. ३१,००२। उपभोक्ता समितिको योगदान हुनुपर्नेमा रु.२७,८७०। मात्र योगदान भएकोले घटी योगदान भएको रु.३,१३२।० असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,००२ |

५८ **१५ सैया अस्पताल**

५८.१ अस्पताल निर्माण कार्य रु.१२,५०,९७,०७२। मिति २०८०।१०।२० मा सम्पन्न गर्ने गरी प्रतिष्ठा-मंगलदिप-नेपाल सोलुसन जे.भी सँग मिति २०७८।१०।२० मा संझौता भएको थियो। समयमा कार्य सम्पन्न नभएकाले योजनाको मिति २०८१।९।२९ सम्म अवधि थप गरेको पाइयो। लेखापरिक्षण अवधि सम्म मुल्य समायोजन बहायक मु.अ.कर समेत रु.३,४९,९८,०४०। (२७.९८ प्रतिशत) भुक्तानी गरेको पाइयो। योजनाको अवधि ५० प्रतिशत थप गर्दा हाल सम्म ३० प्रतिशत काम पनिसम्नपन् भएको नपाइएकाले समयमा काम सकाउन पालिकाले पहल गर्नु पर्ने देखिन्छ।

५८.२ अस्पताल निर्माणः लागत अनुमान रु.२२,२५,६२,४६८। लागत अनुमान भएको १५ सैया अस्पताल निर्माण कार्य निर्माण स्थलको जग्गा अस्पतालको नाममा आएको पाइएन। पालिकाले उपलब्ध गराएको लागत अनुमान परामर्श दाता माउण्ट कन्चनजङ्घा यन्जिनियरिङ्ग कन्सल्टेन्सी विरेन्द्र नगरले तयार गरेकोमा डि पि आर मा दस्तखत समेत गरेको पाइएन। लागत अनुमानकी स्विकृत टिप्पणीमा फिजिकल कन्जिन्जेन्सी समेत रु.२२,२५,६२,४६८। उल्लेख गरी स्विकृत भएकोमा पालिकाले लेखापरिक्षणको क्रमा उपलब्ध गराएको डिपिआरमा रु.२२,०८,२२,३०६। उल्लेख गरेको पाइयो।

५८.३ ब.उ.शि.न३७०००११६४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत संचालित योजना १५ शैया अस्पताल निर्माण कार्यक्रमबाट खर्च लेख्नु पर्ने रु.२८,९६,६००।० बजेट तथा कार्यक्रम नछुट्याायी ससर्त पुँजिगतबाट खर्च लेखेको पाइएकाले उक्त खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,९६,६०० |

५८.४ **मुल्य समायोजनः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **५३१,२७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८.५ यस अस्पताल निर्माण कार्यको आइटम नं. B14 नापि अनुसार २९२.९५ परिमाण भुक्तानी हुनुपर्नेमा ४६६.४६ परिमाण भुक्तानी भएकाले प्रति घ.मी रु.७००।का दरले बढी भुक्तानी परिमाण १७३.५१ को बढी भुक्तानी रु.१,२१,४५७। असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,४५७ |

५९ **भ्यूचुला बगौरा पुलिया सडक**

५९.१ लागत अनुमान रु.१,६३,६५,०४९। भएको सडक स्तरउन्नती कार्य रु.७४,९७,७२४.८५ मिति २०८०।२।३० मा सम्पन्न गर्ने गरी शुभलक्ष्मी निर्माण सेवा सँग मिति २०८०।२।३० मा संझौता भएकोमा समयमा कार्य सम्पन्न नभएकाले सो योजनाको अवधि २०८१।९।३० सम्म थपेको पाइयो। पालिकाबाट ५० प्रतिशत र संघको ५० प्रतिशत रकम रहने गरी बनेको यस योजनामा निर्माण व्यवसायीलेले असार मसान्त सम्म रु.६६,७८,९३२.३३। को कार्य गरेकोमा ससर्त वजेट बाट रु.३४,५५,७६२। भुक्तानी दिएको पालिकाबाट रु.१७,५८,४०९। भुक्तानी भइ यस आ.ब मा गरेको काम मध्य पालिकाबाट रु.१४,६४,७६१.३३ भुक्तानी दिन बाँकी देखिन्छ। पालिकाले यस योजनामा बजेट पर्याप्त नछुट्याएको कारणले निर्माण व्यवसायीले भुक्तानी प्राप्न नगरि भुक्तानी लिन बाँकी देखिन्छ। साथै निर्माण व्यवसायीले निर्माण कार्य समयमा सम्पन्न नगर्ने समस्याले गर्दा आर्थिक वर्ष भित्रमा रु.८,१८,७९२। काम नसेकाले ससर्तको बजेट फिर्ता हुदा सो काम समेत पालिकाको जिम्मामा रहेको पाइयो। अतः बजेटको समयमा सदुपयोग गरी आर्थिक भित्र कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

५९.२ यस ससर्त बजेट अन्तर्गत योजनाको कन्टिन्जेन्सी रकम रु.१,२१,०४४। कट्टा गरी राखेको तर खर्च नगरेकोले बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | १,४४,०२४ |
|---|---|

## ६० बढी भुक्तानी

६०.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक नापचाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। निम्न योजनामा हुनुपर्ने भुक्तानीभन्दा बढी भुक्तानी भएको रु. १६,७८२।० सम्वन्धित सँग असुल गरि बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| भौ मिति | योजनाको नाम | काम | भु.हुनु पर्ने परिमाण | भएको भुक्तानी परिमाण | भुक्तानी दर | बढी भुक्तानी श्रमदान काटेपछी |
|---|---|---|---|---|---|---|
| ४२-०८१।३।२ | वडा कार्यालय वैठक हल निर्माण | Brick machinery work | 10.31 | 11.45 | 14,849.21 | 16,782 |
| | जम्मा | | | | | 16,782 |

| असुल गर्नुपर्ने | १६,७८२ |
|---|---|

६०.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार योजनामा हुनुपर्ने भुक्तानी भन्दा बढी भुक्तानी भएको रु. सम्वन्धित सँग असुल गरी बेरुजु दाखिला गर्नुपर्ने रु.

| क्र सं | भौ मिति | निर्माण काम | निर्माण व्यवसायी | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | 62-079/3/16 | मिलन चोक ट्रष्ट पुल निर्माण | मिलन चोक ट्रष्ट पुल निर्माण उ स | 5,88,200 | 7,91,929 | 2,03,729 | उपभोक्ता समितिलाई हुनुपर्ने भन्दा बढी भुक्तानी |
| 2 | 10-081/12/18 | शान्ती माध्यमिक विद्यालय | विद्यालय भवन निर्माण | 5,04,709 | 5,80,400 | 75,691 | बढी भुक्तानी भएको |
| 3 | 24-081/2/18 48-081/2/18 | नयाँ खर्क खानेपानी तथा सरसफाइ पाखाँपानी | नयाँ खर्क खानेपानी तथा सरसफाइ पाखाँपानी निर्माण उ.स | 8,05,460 | 8,09,896 | 4,436 | बढी भुक्तानी भएको |
| | | | | | | २,८३,८५६ | |

| असुल गर्नुपर्ने | २,८३,८५६ |
|---|---|

## ६१ जिरो प्वाइन्ट देखी चिसापानी रतिखोला पातिकान्ला सडक

६१.१

प्रदेश सरकार बाट प्राप्त बजेटमध्य यसै योजनामा लागत अनुमान रु.१४,४०,३६५। को ठेक्का रु.८,०६,८१० मासंझौता भइ बाँकी रहेको बजेट रु.६,४८,२९५। बाट पुन कोटेशन मार्फत कार्य गराएको छ। ठेक्का मार्फत गराएको काम र कोंटेशन मार्फत गराएको कामको चेनेज खुल्नु पर्नेमा खुलाएको पाइएन। अतः ठेक्काको चेनेज र कोटेसनको चेनेज नछुट्याउँदा एकै चेनेजमा काम भएको हुन सक्ने सम्भावना समेत रहन्छ।सोही योजना कोटेशन मार्फत उत्तरगंगा कन्ष्ट्रक्सन मार्फत गराइ भौ ५३-०८१।३।२४ बाट रु.६,४७,५९८ खर्च लेखेको छ।

६१.२ जिरो प्वाइन्ट देखी चिसापानी रतिखोला पातिकान्ला सडकः लागत अनुमान रु.१४,४०,३६५। भएको सडक निर्माण कार्य रु.८,०६,८१७.२२मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी के.सी एण्ड नविना कन्ष्ट्रक्सन सँग मिति २०८१।३।२ मा संझौता भएको थियो। सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ११० मा संझौता गर्न ऐनको दफा (२७)४ बमोजिम कार्य संपादन जमानत राख्नु पर्ने व्यवस्था भएता पनि स्रेस्ताको साथ कार्य सम्पदन जमानत संलग्न रहेको पाइएन। भौ.५०-०८१।३।२४ बाट निर्माण व्यवसायीलाई रु.४,५८,५३३। भुक्तानी हुँदा ५८.८४ प्रतिशत काम सम्पन्न भइ ४३.१६ प्रतिशत काम बाँकी रहेको पाइयो। लेखापरिक्षण अवधि सम्म योजनाको काम सम्पन्न नभएको साथै अवधि सम्म थप भएको नपाइएकाले अधुरो रुपमा रहेको योजनाको बजेट व्यवस्था गरि कार्य सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

## ६२ गुराँस अस्पताल आवसीय भवन

पालिकाले गुराँस अस्पातल आवसीय भवन(हालको प्रशासकीय भवन) निर्माणको लागि ठेक्का नं. NCB/06/2077/78 निर्माण व्यवसायी भगवती कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवासँग रु. ८७,६१,०६०। (पिएस र मूल्य अभिवृद्धि कर सहित) मिति २०७९।३।१६ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।३।१६ मा संभौता भइ हालसम्म रु.९०,८५,२५३। को कार्य गरी भुक्तानी दिएको सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छन्:

६२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा ऐनको दफा ५४ मा तोकिएका पदाधिकारीले भेरीएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले गुराँस अस्पातल आवसीय भवन(हालको प्रशासकीय भवन) निर्माण कार्य निर्माणको लागि रेशिमा कन्स्ट्रक्सनसँग रु. ८७,६१,०६०।० मा संझौता गरी विभिन्न आइटमहरु रु.६,८०,४९०।० रकमको निर्माण कार्य थप गरी भेरिएशन आदेश जारी गरेको छ । कानूनमा उल्लेख गरेक बमोजिमको पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएशन गरेको नियमसम्मत देखिएन । निर्माण कार्यको लागत अनुमान तयरी गर्दाको अवस्थामा पालिकाले ध्यान दिनुपर्दछ ।

६२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम १ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेछ। आवसीय भवन निर्माण कार्य सम्पन्न गरी यस वर्ष गोश्वार भौचर नं.१२-२०८०।८।२४ गतेबाट रु.१०९०४१८। र गोश्वारा भौचर नं.१३५- २०८१।२।२ बाट ३६,४७,२४५। समेत यस वर्ष रु.४७,३७,७१३।० भुक्तानी भएको छ। उक्त भुक्तानी गर्दा म.ले.प. फारम नं.४०५ को ढाँचामा ठेक्का सम्बन्धी विल र म.ले.प. फारम नं.५०३ को ढाँचामा नापी किताब तयार नगरेकोले अन्तिम ठेक्का विलसम्म भएको निर्माण कार्यको परिमाण नखुलाएकोले निर्माण कार्यसँग भुक्तानी रकम एकिन गर्न सकिएन। पालिकाले तोकिएको ढाँचामा नापी किताव र कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,३७,७१३ |

६२.३ सार्वजनिक खरिद नियमावलीको नियम १२१ मा निर्माण व्यवसायी ढिलाईका कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्जनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायी भगवती कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवासँग मिति २०७९।३।१६ मा कार्य सम्पन्न गर्नपर्ने सम्झौतामा उल्लेख भएकोमा म्याद थप गरेको प्रमाण पेस भएको छैन। निर्माण व्यवसायीले मिति २०८०।३।२२ मा भुक्तानीको लागि कर विजक पेश गरेको छ। कानुन

बमोजिम म्याद थप भएको प्रमाण पेश नभएकोले म्याद थपको प्रमाण पेस गर्नुपर्ने अन्यथा सम्झौता रकम रु.७७,०८,९०३।०(मूल्य अभिवृद्धि बाहेक) को दश प्रतिशतले हुने रकम असुल उपर गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७०,८९० |

६२.४ **नन्फाइलर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्यअभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धितआन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट भगवती कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवालाई भौचर नं. १३५-२०८१।२।२ बाट रु.३२,२७,६९५।मूल्यअभिवृद्धि कर कर रु.४,१९,५९८। समेत रु. ३६,४७,२९५। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन् फाईलर रहेको पाइयो। उक्त कारोबारको कर समायोजन भएकोप्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१९,५९८ |

६३ **कार्य स्विकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ २(क) मानिर्माण कार्यको कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्य अनुरुप सो कार्य सम्पन्न प्रयोग सञ्चालनमा आएको अवस्था भएमा सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्ने व्यवस्था छ। लागत अनुमान रु.१४४४३५४। भएको मल्लमोड भकुण्डे धारा हुँदै कुमखोला र भकुण्डे धारा-एक्लेसाल हुँदै रतिखोला सम्म कृषि सडक स्तरउन्नती (०+००-३+३३०) निर्माण कार्य रु.७,४९,७७२। मिति २०८१।३।३० मा सम्पन्न गर्ने गरी भूमि निर्माण सेवा सँग मिति २०८०।१२।१९ मा संझौता भएको थियो। निर्माण व्यवसायीलाई निजले गरेको कामको आधारमा भौ.२२-०८१।२।१३ बाट रु.६,६२,२२०। भुक्तानी भएको छ। संझौताको ८८.३२ प्रतिशत कार्य समाप्त भएको अवस्थामा कार्य स्विकार तयार गरेको पाइयो। निर्माण व्यवसायिले पेश गरेको ठेक्का विल तथा नापिमा चेनेज ०+००-३+३९० सम्म काम गरेको पाइयो।

यस योजनामा पनि ठेक्काबाट बचेको रकम रु.७८२१३४ मध्य बाट आर.वि.कन्ष्ट्रक्सन मार्फत काम गराइ चेनेज ०+००-०+३४० सम्मको भौ.६२-०८१।३।२४ बाट रु.३,२७,८८२। रकम भुक्तानी भएको पाइयो।

६४ **बगौरा जरेवार मिलन चौक सडक**

लागत अनुमान रु.१४३०९५१ भएको यस सडक चेनेज ०+००-१०+३८० स्तर उन्नती कार्य रु.९०५०८४।मिति २०८१।२।३० मा सम्पन्न गर्ने गरी जगन्नाथ निर्माण सेवा सँग मिति २०८०।१२।७ मा संझौता भएको थियो। भौ नं.३१-०८१।३।१७ बाट निर्माण व्यवसायीलाई रु.८,७९,३४३। भुक्तानी भएको छ। सो सडकमा ठेक्का लगाउँदा बजेको रकम रु.५,५१,६०८ पुन भौ ५९-०८१।३।२४ बाट दिपक निर्माण सेवा मार्फत गराइ भुक्तानी गरेको पाइयो।कोटेशन मार्फत गरेको निर्माण कार्यको चेनेज ०+००-१+२६० उल्लेख गरेको पाइयो। एउटै योजनामा काम गर्दा चेनेज दोहोरो परेको देखियो। अतः दोहोरो भुक्तानी नभएको भन्न सकिएन।

६५ **गुराँस नमुना आवसीय विद्यालय**

लागत अनुमान रु.७६,२२,५२२.५ भएको विषेश अनुदानको बजेट बाट विद्यालय भवन निर्माण कार्य रु.५२,८७,९१६। मिति २०८१।३।२० मा सम्पन्न गर्ने गरी मिति २०८१।२।३ मा संझौता भएको थियो।ससर्तको विशेष अनुदानको रुपमा प्राप्त बजेट आ.ब भित्रमा योजना सम्पन्न गर्नु पर्नेमा समयमा सम्पन्न हुन नसकेकाले पालिकालाई व्ययभार थपिएको पाइयो। भवन निर्माणका लागि विद्यालयले जग्गा उपलब्ध गराउन नसकेपछि पालिकाले मिति २०८१।१।३ मा निर्माण स्थलको जग्गा व्यवस्थापनको लागि पत्र लेखेको पाइयो। विद्यालयले ढिला गरि जग्गा उपलब्ध गराएको र जग्गा उपलब्ध भए पश्चात ठेक्का प्रकृया अगाडी बढाउँदा आ.व भित्रमा कार्य सम्पन्न नभएको पालिकाको भनाइ छ।बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्नु आगाडी निर्माण स्थलको सुनिश्चितता नगरिदा यस्ता समस्या आइ आगामी आ.ब.को लागि व्ययभार वढ्ने गरेको पाइन्छ।

६६ **नागरिक आवास कार्यक्रमः**

सुरक्षीत नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुार लक्षित वर्गको पहिचानपश्चात दफा ५(४) बमोजिम स्थानीय तह सँग सम्झौता गरी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष १६५ जना लाभग्राहीलाई रु.५०,०००।अनुदान उपलब्ध गराउने व्यवस्था भएता पनि विलको आधारमा रु.३१,१४,९९७।उपलब्ध गराएको पाइयो।

६७ **लागत अनुमान**

२०४-२०८१।३।९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिद कार्यको लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गर्नुपर्ने उल्लेख गरेको त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा नापी कितावमा भएको वास्तविक परिमाणको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले दैलेख उर्जा प्रालिबाट वडा नं. ६ मा सडक वत्ति जडान गर्नका लागि सोलार वत्ति खरिद गरी रु.१,९९,४४६।० भुक्तानी गरेको छ । पालिकाले कानून बमोजिम लागत अनुमान तथा कार्य सम्पन्न भएको प्रमाण पेस गरेको छैन। लागत अनुमान तथा कार्यसम्पन्न भएको प्रमाण पेस गरी नियमित गर्नुपर्दछ ।

६८ **कार्य सपन्न प्रतिवेदन नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको कार्यमा भएको खर्चको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेस गर्नुपर्ने रु.

| भौचर नं. | विवरण | आपुर्तिकर्ता | भुक्तानी रु. |
|---|---|---|---|
| २५-२०८०।८।७ | वृक्षारोपण कार्य | सिपाला फर्सा सामुदायिक बन उपभोक्ता समिति | ५०,००० |
| २६-२०८०।८।२७ | बायो ग्यास प्लान्ट निर्माण | नारायण वहुउद्वेश्य सहकारी संस्थालाई | ५,००,००० |
| २३५-२०८१।३।१८ | पाइप खरिद | माँ लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | १,४९,७८६ |
| | | जम्मा | ६,९९,७८६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,७८६ |

६९ **भ्यूचुला बगौरा सडक**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ३ मा उपनियम २ बमोजिमको अवस्था नरहेको तर खरिद सम्झौता बमोजिमको कार्य समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी अधिकतम अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्ने सक्ने उल्लेख छ । पालिकले भ्यूचुला बगौरा सडक निर्माण कार्यको लागि रु.१,६३,६५,०४९।० (मू.अ. कर समेत) लागत अनुमान रहेकोमा सारभूतरुपमा प्रभावग्राही शुभलक्ष्मी निर्माण सेवालाई मिति २०८०।२।३० मा कार्य सम्पन्न गर्ने गरी रु.७४,९७,७२४।० (मू.अ. कर समेत) मा मिति २०८०।१०।२।३० मा सम्झौता भएको छ। निर्माण व्यवसायीले यस वर्ष रु.५२,१४,१७१।० को कार्य गराई संघीय समपुरकबाट रु.३४,५५,७६२।० र पालिकाको तर्फबाट रु.१७७६४०९।० समेत रु.५२,१४,१७१।० भुक्तानी भएको छ । निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न गरेको छैन् । पालिकाले उपयुक्त कारण विना नै २०८१।९।२५ सम्म म्याद थप गरेको छ । थपिएको म्याद भित्र कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

· निर्माण व्यवसायीले पेस गरेको कार्यसम्पादन जमानदको म्याद सन् २०२५ नोभेम्बर १५ अर्थात् २०८२ कार्तिक मसान्त सम्म रहेको छ । ठेक्काको म्याद अनुसार २०८२।१०।२५ सम्मको पेश गर्नुपर्ने सो अवधिसम्मको नभएकोले कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

७० **हस्पिटल क्वाटर निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च गर्दा विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले हस्पिटल क्वाटर निर्माण कार्य मैठराज इन्जिनियरीङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन सेवा प्रालिसँग गराई भुक्तानी दिदाँ रु.४५,४५९।० पिएस आइटम भुक्तानी गरेकोमा उक्त रकमको विल भरपाई भुक्तानी गरेको छैन। विल भरपाई पेस नगरी भुक्तानी गरेको रकम असुल उपर हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,५४९ |

७१ **गुँरास पातिकाल्ला स्याउलीबजार सडक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी दिँदा नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले गुँरास पातिकाल्ला स्याउलीबजार सडक मर्मतकार्यको लागि रुमानी निर्माण सेवासँग रु.१४,२६,८४१। मा मिति २०८०।३।१५ कार्यसम्पन्न गर्ने गरी २०८०।१।२५ मा संझौता गरी गत वर्ष गौश्वारा भौचर नं. ३६२-२०८०।३।१९ गते रु.४,००,०००। र यस वर्षको गोश्वारा भौचर नं. ४-२०८०।६।१९ बाट १०,०२,४७३।० समेत रु.१४,०२,४७३। भुक्तानी गरेको छ। तर ठेक्का विल तथा नापी कितावमा रु.१३.६६,४७३।० को मात्र निर्माण भएको प्राविधिक विल तथा कागजातबाट देखिएकोले रु.३६,०००।बढी भुक्तानी भएको छ। प्राविधिक विल भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

७२ **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ।अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिकाले यसवर्ष देहायबमोजिमब्याकहो लोडर, बलेरो लागतय गरी रु.७६ लाख ७४ हजार खर्च गरेको छ।समानिकरण अनुदानबाट सवारी साधन खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | विवरण | परिमाण | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ब्याकहो लोडर | १ थान | स्पार्क अटोमोटिभ्स प्रा.लि. | ३८,५०,००० |
| २ | मोटरसाइकल खरिद | २ थान | श्री भानु इन्टरप्राइजेज | ६,७४,८०० |
| ३ | बोलेरो डवल क्याप | १ थान | अग्नी इन्कर्पोरेट प्रा.ली. | ३१,५०,००० |
| | जम्मा | | | ७६,७४,८०० |

७३ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वियन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वियन गर्ने विषयलाई ध्यान दिनुपर्ने एवं कार्यक्रम सुचारुरुपले कार्यान्वियन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा सम्झौता गर्ने कार्य समेत प्रथम त्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको ठेक्का सम्झौता भएकोमा पहिलो रदोस्रो त्रैमासिकमा सम्झौता नभई तेस्रो र चौथो त्रैमासिकमा सवै ठेक्का सम्झौता भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था बमोजिम समयमै ठेक्का सम्झौता नगरी आर्थिक बर्षको अन्तमा ठेक्का संझौता गर्दा निर्माण कार्य तोकिएको समय र गुणस्तरमा सम्पन्न हुन नसक्ने हुदा पालिकाले तोकिएको समयमै ठेक्का सम्झौता गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| ठेक्का नं. | विवरण | निर्माण व्यवसायी | सूचना प्रकाशन | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| NCB/07/2080/81 | प्रि फेब्रिकेटेड हस्पिटल क्वाटर विल्डिङ | मैठराज इन्जिनियरीङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन सेवा | २०८१।१।०५ | २०८१।२।२१ | २०८१।३।२० |
| NCB/1/2079/80 | प्रि फेब्रिकेटेड अफिस विल्डिङ | जेनिका एण्ड अभियान निर्माण सेवा | २०८०।१।१५ | २०८०।४।७ | २०८०।५।३० |
| SQ/05/2079/80 | रुमानी निर्माण सेवा | गुराँस पातिकाल्ना स्याउली बजार सडक मर्मत | | २०८०।१।१५ | २०८०।३।१५ |
| NCB/1/2080/81 | भ्यूचुला बगौरा पुलिया सडक स्तरोन्नती | शुभलक्ष्मी निर्माण सेव | २०८०।९।९ | २०८०।११।१० | २०८१।२।३० |
| NCB/2/2080/81 | जगन्नाथ निर्माण सेवा | विद्यालय भवन निर्माण | २०८०।१०।१४ | २०८०।१२।७ | २०८१।३।१५ |
| NCB/3/2080/81 | न्यू कालिका कन्स्ट्रक्सन | मालिका मावि भवन निर्माण | २०८०।१०।१४ | २०८०।१२।१८ | २०८१।३।२० |

७४ **विद्युतीकरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ध) को ५ मा स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचलान, अनुगमन र नियमन सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै पालिकाको वर्षिक नीति तथा कार्यक्रममा सामुदायिक विद्युतीकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित ढङ्गले संचालन गरिने उल्लेख गरेको छ। पालिकाले ग्रामीण विद्युतीकरण कार्यक्रमको लागि यस वर्ष पुँजीगत बजेटबाट रु.३७ लाख २ हजार र चालुतर्फ रु.२५ लाख २२ समेत रु.६२ लाख २४ हजार खर्च गरेको छ। विद्युत प्राधिकरणसँग भएको सम्भौता तथा पालिकाले ग्रामिण विद्युतीकरण संचालन तथा व्यवस्थापन सम्बन्धमा तयार गरेको कार्यविधि तथा मापदण्ड लेखापरीक्षणमा पेश गरेको छैन। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

७४.१ पालिकाले ग्रामिण विद्युतीकरण कार्यक्रममा यस वर्ष विद्युत महसुलवापत प्राधिकारणलाई रु.२५,८६,५११।० भुक्तानी गरेको छ। विद्युत महसुल भुक्तानी गर्दा जरिमाना वापत गोश्वारा भौचर नं. २१३-२०८१।३।१३ बाट रु.१,७६,९३७।० भुक्तानी गरेको छ। समयमानै विद्युत महशुल भुक्तानी नगर्दा पालिकालाई थप व्यायभार परेको छ।

| गोश्वार भौचर नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १८८ चालु | विद्युत महसुल | ६,८८,२२५ |
| ५१ पुँजिगत | विद्युत महसुल | ८,२२,७५० |
| २१३ पुँजिगत | विद्युत महसुल | १०,७५,५३६ |
| | | २५,८६,५११ |

७४.२ २८६-२०८१।३।२३ – पालिकाले यस वर्ष विगत वर्षमा ५४ जनाको विद्युत मिटर खरिद गर्नका लागि लाभग्राहीहरुबाट रु. २४३५।० जनाको रु.१,३१,४९०।० रकम पालिकाको आन्तरिक खातामा जम्मा भएको उल्लेख गरी भुक्तानी दिएको छ । पालिकाले लाभग्राहीसँग खरिद गर्नको लागि रकम जम्मा गरेको प्रमाण उल्लेख गरेको छैन । वडा समितिले निर्णय गरेको आधारमा भुक्तानी गरेको आधार प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,४९० |

७४.३ नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र, दैलेखलाई गुरास सामुदायिक विद्युतीकरण आयोजनको लागि गउँपालिकाका वडाहरुमा मिटर वक्स जडानको लागि र ३५० वटा मिटर वक्सको प्रति बक्स रु.२,१६३।८६ का दरले रु.७,५७,३५१।० रकम गो.भौचर नं. ८ र ५१ बाट भुक्तानी दिएको छ । मिटर खरिद गरेको विल तथा जडान भएको प्रमाण पेस गरेको छैन ।प्राधिकरणबाट मिटर बक्स प्राप्त गरी जडान भएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५७,३५१ |

७४.४ विद्युतीकरण कार्यक्रमको लागि ९ जना कर्मचारीलाई यस वर्ष रु.१७,४०,८००।० र विद्युत मर्मतको लागि सामाग्री रु.९,२६,७४१।० को खरिद गरी भुक्तानी गरेको छ।

७४.५ गुँरास गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ मा अनुसूची १२ मा विद्युत राजस्वको दर उल्लेख छ। यस वर्ष विद्युत महसुल रु.२५८६५११। भुक्तानी गरेकोमा राजस्व वापत यस रु.७,३७,८९०। प्राप्त भएको छ। हालसम्म पनि पालिकाले वडा नं.१, २, ५ र ६ मा मिटर रिडिङ नगरेको जानकारी विद्युत शाखाको कर्मचारीले दिएको छ। पालिकाले तोकेको दरमा विद्युत महसुल असुल नगर्नुको कारण पहिचान गरी जिम्मेवार वनाइ असुल उपर गर्नुपर्दछ।

७४.६ विद्युतीकरण कार्यक्रम संचालन सम्बन्धमा पालिकाले गरेको निर्णय तथा कार्यविधिको सम्बन्धमा लेखापरीक्षणको क्रममा पेश नगर्दा कार्यक्रमको उद्देश्य, लक्ष्य तथा प्रगतिको वारेमा स्पष्ट भएन। विद्युत महशुल भुक्तानी गर्ने, कर्मचारी व्यवस्थापन तथा मर्मत संभार कार्यमा वर्षेनी व्ययभार थपिएको अवस्था छ। यस सम्बन्धमा पालिकाले पुनरावलोकन गर्नुपर्दछ।

७५ **परामर्श सेवाको लागत अनुमान** —

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) मा गरेको व्यवस्था अनुसार अनुसुची १ क मा गरेको व्यवस्था अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवसथा भएता पनि सूचना प्रणालि सफ्टवेयर खरिद कार्य लागत अनुमान तयार वेगर टेक फाउन्डेसन प्रा.लि सँग भौ.४५४-०८१।३।३ बाट रु.३,९४,३७०।भुक्तानी गरेको पाइयो।

७६ **लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

७७ **पूर्वनिर्धारित क्षतिपूर्ति** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। पालिकाले निम्न अनुसारका परामर्श सेवामा परामर्श दाताले ढिला गरी कार्य गरेकाले लाग्ने पूर्व निर्रित क्षतिपूर्ती रु.सम्वन्धित सँग असुल गरी बेरुजु दाखिला गर्नु पर्दछ।

| क्रसं | भौ मिति | परामर्शको काम | परामर्श दात | संझौता रकम मु.अ.कर समेत | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | भुक्तानीका लागति पेश मिति | हर्जना लाग्ने दिन | ०.०५ % हर्जना रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ***1*** | ***540-081/3/21*** | आवधिक यवजना निर्माण | फेनापती कन्सल्टेन्ट | 1497250 | 080/12/8 | 081/3/8 | 081/3/16 | 8 | 5,300 |
| 2 | 542-081/3/21 | भू-उपयोग वर्गिकरण योजना | एम पि एस म्यानेजमेन्ट एण्ड रिसर्च कन्सल्टिग | 997225 | 081/11/18 | 080/1/18 | 081/3/13 | 57 | 25,151 |
| 3 | 229-080/10/12 | बेड गाउँ कामेलेख खा पायोजना डिपिआर | इन्जन इन्जिनियरिङ्ग | 175000 | 079/10/17 | 080/3/15 | 080/9/12 | 170 | 13,163 |
| | | जम्मा | | | | | | | 43,614 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,६१४ |

७८ **सोध भर्ना हुने खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ४ अनुरुप अनुसुचि १(क) को ढाँचामा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। परामर्श सेवाको लागत अनुमान ढाँचाको शिर्षक २ मा भ्रमण, बसोबास, मालसामान वा उपकरण वा सेवा लगायतका सोध भर्ना हुने खर्च उल्लेख गरेको छ। पालिकाबाट गराइएका निम्न परामर्श सेवाहरुमा लागत अनुमान तयार गर्दा सोध भर्ना हुने खर्च रकम उल्लेख गरेता पनि परामर्श दाताले एकमुष्ट रकम उल्लेख गरी रकम छुट्याएको पाइएन। लागत अनुमानमा सोधभर्ना हुने रकम उल्लेख गरेको तर संझौतामा उल्लेख नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| क्र सं | परामर्श काम | परामर्श दाता | लागत अनुमान | सोध भर्ना हुने रकम | संझौता रकम |
|---|---|---|---|---|---|
| 1 | गाउँपालिका स्तरिय गाउँ यातायात गुरु योजना | सेफ नेपाल इन्जिनियरिङ्ग प्रा.लि | ४,९९,४६० | ६८,५७० | ४,९६,०७० |
| 2 | भू उपयोग वर्गिकरण योजना | एम.वि.एस एण्ड रिसर्च कन्सल्टिङ्ग | १०,११,१३४ | १,९०,००० | ९,९७,२२५ |
| | जम्मा | | | २,५८,५७० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५८,५७० |

७९ **खर्चमा मितव्ययिता –**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष इन्धनमा रु.२२,२१,९९९.०८, विविधमा रु.१६,०३,१६०।, भ्रमणमा रु.९,२०,७९४, कार्यालय सामान रु.८१,३५,९४४.२५, मर्मतमा रु.२१,९९,९५८। र पदाधिकारी सुविधामा रु.६०,८४,०००। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ।

८० **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकबाट १५ थान ब्ल्याङकेट, ३२ थान सिरक, ५८/५८ वटा टर्चलाइट/लौरो, २०/२० थान पछ्यौरा/चोलो/फरिया लगायत खरिद गरी रु.१,६१,१४८ भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

८१ **भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताब :**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा तथा गाडी भाडा बापत रु २१ लाख ४९ हजार खर्च गरेको छ। पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियण्त्रण भएको देखिएन। साथै कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियन्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

८२ **भ्रमण खर्च:**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु ११ लाख ९ हजार खर्च गरेको छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको।

• स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

८३ **पारिश्रमिक कर:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीको आयमा नियमानुसार लाग्ने रु.४७,२०० / पारिश्रमिक कर घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | कुल आय | खुद आय (कट्टीपछि) | कर योग्य आय | मासिक कर | बार्षिक कर रकम |
|---|---|---|---|---|---|---|
| १ | डा. नभिता कुमारी कडेल भारती | ९,३६,००३ | ९,३६,००३ | ३,३६,००३ | ३,९३३ | ४७,२०० |
| | **जम्मा** | | | | | **४७,२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,२०० |

८४ **बढी भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले देहायबमोजिम बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

- गाडी भाडा राम बहादुर बुढासँग लु २ च २८८९ को गाडी मिति २०८०।४।४ देखि प्रत्येक ३/३ महिनामा आपसी सहमतिमा नविकरण गर्ने गरी मासिक रु.१,१०,००० मा भाडामा लिने सम्झौता भई गोश्वारा भौचर नम्बर ४०१ मिति २०८१।२।१२

बाट ३ महिनाको भाडा भुक्तानी गर्दा रु.३,३०,००० हुनुपर्नेमा रु.३,६०,००० भुक्तानी भएकोले रु.३०,००० बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु.३०,०००

- भौ ४०१-२०८१।२।१२ बाट वडा सचिव झम्पन कुमार आचार्यलाई विल, निवेदन अनुसार रु.१,०३,६२५ भुक्तानी हुनुपर्ने रु.१,१४,७१० भएकोले बढी भुक्तानी भएको रु.११,०८५ सम्बन्धितबाट असुल हुनुपर्ने रु. ११,०८५

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,०८५ |

८५ **टुक्रा पारी सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यसैगरी नियमावली, २०६४ को नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.२०,०४,३७९। खर्च गरेको छ। उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ। एउटै प्रकृतिको धेरै मसलन्द तथा कार्यालय सामग्री खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ।

| भौचर नम्बर / मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १३८।०८०।९।५ | अस्मिता पेपर प्रिन्ट अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ३,५१,०६१ |
| | न्यू साझा कम्युटर ट्रेड | | १,५१,६५१ |
| | संगम स्टेशनरी सेन्टर एण्ड जनरल अर्डर सप्लायर्स | | १,८३,२८३ |
| २१६।०८०।१०।१२ | टिडी डेकोर हव | मसलन्द तथा कार्यालय सामग्री | ९१,५३० |
| | टिडी डेकोर हाउस | | ९,२२,४५८ |
| | सुप्रिम ट्रेड सप्लायर्स | | ५४,५२२ |
| २८०।०८०।१०।२९ | टिडी डेकोर हव | मसलन्द तथा कार्यालय सामग्री | ९९,१५७ |
| | टिडी डेकोर हाउस | | ७४,८७२ |
| | सुप्रिम ट्रेड सप्लायर्स | | ७५,८४५ |

८६ **वितरण भरपाईः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकामा ईन्द्रा कुमारी थापामगरले गोश्वारा भौचर नम्बर १३१ मिति २०८०।९।३ बाट आव २०७९।८० मा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण र पुराना उद्यमीलाई सिपविकास कार्यक्रमका लागि रु.१,१०,२६७ बराबरको खरिद गरिएका २ थान स्प्रे ट्याँकी ७ थान प्लास्टिक टनेल ८ थान मौरी झोला ८ थान मौरी घारलगायतका सामाग्री २०८०।८१ को अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि वितरण भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,२६७ |

८७ **छात्रवृद्धी वितरणः**

गुराँस छात्रवृद्धी कार्यविधि, २०८१ बुँदा नं.४.१ मा प्राविधिक तथा अप्राविधिक दुवै विषय अध्यायन गर्नेलाई रु.२० हजार देखि रु.२ लाख सम्म उपलब्ध गराएको पाइयो। बुदा नं.४.३ मा छात्रवृद्धीको लागि सूचना र छात्रवृद्धी मागको व्यवस्था गरेको छ। जसमा प्रमाण

पत्र, ठेगना खुल्ने कागजात र विद्यालयमा अध्यायन गरेको प्रमाणतथा छात्रवृद्धीको मागको निवेदन उल्लेख गरेको छ। विद्यार्थीले अध्यायन गरिरहेको विद्यालय/क्याम्पसले पनि छात्रवृद्धी उपलब्ध गराएको हुन सक्ने अवस्थामा समेत निम्नानुसार विदेश अध्यायन गर्ने विद्यार्थीलाई छात्रवृद्धी रु.१,३५,०००।उपलब्ध गराएको पाइयो।

| क्रसं | भुक्तानी लिनेको नाम | अध्यायन गरेको देश | भुक्तानी रकम |
|---|---|---|---|
| 1 | इतेश जंगशाही | इन्डिया | 50,000 |
| 2 | कुशल वि.सी | इन्डिया | 25,000 |
| 3 | हिमाल वली | वंगलादेश | 60,000 |
| | जम्मा | | 1,35,000 |

८८ **भुक्तानीमा करकट्टी:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु. २,६८०/ अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| **गो भौ नं** | **भुक्तानी लिनेकोनाम** | **करको प्रकार** | **करकट्टी गर्नुपर्ने** | **करकट्टीगरेको** | **घटिकरकट्टी रकम** |
|---|---|---|---|---|---|
| १३७।०८०।९।५ | पौडेल साउण्ड एण्ड टेन्ट हाउस | वहाल कर(१०%) | १,२०० | १२० | १,१८० |
| ३६१।०८१।१।२४ | टेक बहादुर नेपाली | वहाल कर(१०%) | २,००० | ५०० | १,५०० |
| **जम्मा** | | | | | **२,६८०** |

| असुल गर्नुपर्ने | २,६८० |
|---|---|

८९ **कर्मचारी प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.३,३१,०६१।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

९० **दोहोरो संचयकोष :**

पालिकाले श्रावण, भाद्र र असोज महिनाको कर्मचारी संचयकोष मिति २०८०।८।२७ गते रु.८,६७,३५३ दाखिला गरेकोमा पून मिति २०८१।३।२४ गते रु.८,४९,८८५ EFT गरेकोले दोहोरो संचयकोष दाखिला भएको रकम सम्बन्धितबाट असुल गरी संचितखातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,४९,८८५ |
|---|---|

९१ **दोहोरो भुक्तानी :**

पालिकालेले प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा अधिकृतस्तरको रु.१३,०००।०, सहायकस्तर पाँचौको रु.१०,०००।० र सहायकस्तर चौथो तहको रु.८,०००।० का दरले फिल्डभत्ता भुक्तानी दिएकोमा पून देहायबमोजिम पालिकाभित्र भ्रमण गर्दासमेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको रु.७९,६०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो.भौ.न.।मिति | भुक्तानी लिनेको नाम | भ्रमण आदेश नम्बर।मिति | भ्रमण गरेको स्थान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७४।२०८०।९।२० | उदय राज जैसी | ६०।२०८०।६।१४ | वडा नं. १ देखि ८ सम्म | ७,५०० |
| १६१।२०८०।९।१२ | रमेश रामजाली मगर | ६१।२०८०।६।१४ | वडा नं. १ देखि ८ सम्म | ७,५०० |
| | शैलेश कुमार बोगटी | ६२।२०८०।६।१४ | वडा नं. १ देखि ८ सम्म | ७,५०० |
| ३८४।०८१।२।१ | रमेश रामजाली मगर | | वडा नं. १ देखि ८ सम्म | ९,९०० |
| | बसन्त प्रसाद शर्मा | | वडा नं. १ देखि ८ सम्म | ७,५०० |
| | यज्ञ बहादुर कार्की | १४८ | वडा नं. १ देखि ८ सम्म | १०,००० |
| | गोविन्द बहादुर शाही | | वडा नं. १ देखि ८ सम्म | ९,९०० |
| | शैलेश कुमार बोगटी | | वडा नं. १ देखि ८ सम्म | ९,९०० |
| | रमेश न्यौपाने | | वडा नं. १ देखि ८ सम्म | ९,९०० |
| **जम्मा** | | | | **७९,६००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,६०० |

९२ **फिल्ड भत्ता** –

नेपालको संविधानको धारा २२७ मा स्थानीय गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी प्रदेश कानून बमोजिम हुने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय तहमा स्थानीय सेवाको गठन, संचालन, सेवा, शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने उल्लेख छ । यस वर्ष सम्म कर्णाली प्रदेशमा स्थानीय तहको कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी कानुन बनेर लागु भएको अवस्था छैन । पालिकालेले प्राविधिक कर्मचारीको फिल्डभत्ता सम्बन्धी कार्यविधि तयार नगरी मासिक अधिकृतस्तरको रु.१३,०००।०, सहायको पाँचौको रु.१०,०००।० र सहायक चौथो तहको रु.८,०००।० का दरले यस वर्ष रु. १२,१२,०००।० भुक्तानी दिएको छ । प्रदेश सरकारले कर्मचारीको सेवासुविधा सम्बन्धी कानुनसमेत नबनाएको अवस्थामा पालिकाले भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,१२,००० |

९३ **खर्च पुष्ट्याईको प्रमाण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर पालिकालर देहाहबमोजिमको भुक्तानीमा आवश्यक बिल, भरपाई र कागजात संलग्न नभएको अवस्थामासमेत भुक्तानी दिएकोले खर्च पुष्टि हुने आवश्यक बिल, भरपाई र कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.। मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| १३४।०८०।९।४ | सिता कुमारी वली | ३१७६० |
| १६८।०८०।९।१८ | अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति | ७१०० |
| ४०८।०८१।२।१२ | एम. के. होटल एण्ड लज | १२००० |
| ४२८।०८१।२।२९ | अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र | ७०००० |
| २०४।०८०।१०।१२ | खगेन्द्र बहादुर मगर | ११८०० |
| **जम्मा** | | **१३२६६०** |

| प्रमाण पेश नगरेको | १,३२,६६० |
|---|---|

९४ **अनुगमन समितिको बैठक भत्ता :** (६१-२०८१-३-२४):

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१ को बैठकको मापदण्डमा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानूनअनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने, कुनै आयोजना विशेषमा मन्त्रालयका सचिव वा विभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ भने कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ७ मा पदाधिकारीलाई आफ्नो क्षेत्रभित्र विकास आयोजना र कार्यक्रमको अनुगमनका लागि अनुसूची १ मा तोकिए बमोजिमको अनुगमन खर्च उपलब्ध हुने व्यवस्था छ। तर नमुना परीक्षणको रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गरेपछि अनुगमन भत्ता लिनुपर्नेमा गोश्वारा भौचर नम्बर ६१ मिति २०८१।३।२४ बाट पालिकाले देहायबमोजिम कार्यालय समयमा बसेको बैठक, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा, कानूनअनुसार गठन नभएका समितिहरुको बैठकमा, र ३ जना भन्दा बढी सदस्य आमन्त्रित गरी बसेको अनुगमन समितिलाई बैठक भत्ता दिएको छ। निर्देशिकाको मापदण्ड विपरित अनुगमन समितिलाई बैठक भत्ता भुक्तानी गरेकोले रु. ४२,५०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.स. | भुक्तानी लिनेको नाम | पद | बैठक संख्या | दर | जम्मा रकम | करकट्टीपछिको रकम |
|---|---|---|---|---|---|---|
| १ | यज्ञबहादुर कार्की | इन्जिनियर | १९ | १,००० | १९,००० | १६,१५० |
| ३ | उदयराजजैसी | सवइन्जिनियर | ४ | १,००० | ४,००० | ३,४०० |
| ४ | गोविन्दबहादुर शाही | सवइन्जिनियर | १९ | १,००० | १९,००० | १६,१५० |
| ५ | मेनकाखत्री | सवइन्जिनियर | ४ | १,००० | ४,००० | ३,४०० |
| ६ | विशाल विक | सवइन्जिनियर | ४ | १,००० | ४,००० | ३,४०० |
| **जम्मा** | | | | | | **४२,५००** |

| असुल गर्नुपर्ने | ४२,५०० |
|---|---|

९५ **प्रशिक्षक भत्ता:** (४५०-२०८१-२-३०):

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु. १,००० र कक्षा सञ्चालनबापत रु. ४०० खर्च लेख्न सकिने व्यवस्था छ भने सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले मेलमिलाप सम्बन्धी ३ दिने तालिम सञ्चालन गरी गोश्वारा भौचर नम्बर ४५०।२०८१।२।३० बाट सिता कुमारी वलीले पेश्की फर्स्यौट गर्दा प्रशिक्षक भत्तामा बढी खर्च लेखेको पाइयो ।तसर्थ निर्देशिकाको मापदण्डभन्दा प्रशिक्षक भत्तामा बढी खर्च गरेकोले पेश्की /भुक्तानी लिने सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानीलिनेकोनाम | प्रयोजन | हुनुपर्ने | | भुक्तानीभएको | बढी भुक्तानी (करकट्टिपछिको) |
|---|---|---|---|---|---|---|
| | | | सेसन | भुक्तानी | | |
| **मेलमिलाप सम्बन्धी ३ दिने तालिम** | | | | | | |
| १ | गणेश बहादुर वली | बाह्य प्रशिक्षक | ६ | ८,४०० | २७,५०० | २३,३७५ |
| २ | सुनिता कुमारी चन्द | | ६ | ८,४०० | १७,५०० | १४,८७५ |
| **जम्मा** | | | **१२** | | | **३८,२५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,२५० |

९६ **सहभागि भत्ता :** (१८९-२०८०-१०-११):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा पन्ध्र किलोमिटर भित्र भ्रमण वा काजमा रहँदा दैनिक भत्ता नपाउने व्यवस्था छ भने आफ्नै कार्यालयमा सञ्चालन भएको तालिम कार्यक्रममा सोही कार्यालयका पदाधिकारी/कर्मचारीलाई यातायात खर्च एवं सहभागि भत्ता दिन मिल्ने कानुनी आधार छैन । तर नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा गोश्वारा भौचर नम्बर १८९ मिति २०८०।१०।११ बाट सिता कुमारी मल्ललाई देहायबमोजिमका विभिन्न समिक्षा कार्यक्रम संचालन गरेवापत भुक्तानी दिएकोमा आफ्नै कार्यालयमा कार्यक्रम सञ्चालन भएको अवस्थामासमेत पदाधिकारी/कर्मचारीलाई यातायात खर्च एवं सहभागि भत्ता रु.१,४९,५०० बुझाएको भरपाई पेश गरेको पाइयो ।तसर्थ आफ्नै कार्यालयले सञ्चालन गरेका विभिन्न तालिम कार्यक्रममा सोही कार्यालयका पदाधिकारी/कर्मचारीलाई यातायात खर्च/सहभागी भत्ता भुक्तानी गरेको अनियमित भएको रु.

| तालिम/कार्यक्रम | पेश्कि/भुक्तानी लिनेको नाम | सहभागीहरु | संख्या | दर | जम्मा रकम | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्यकर्मिको लागि स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड सम्बन्धि समिक्षा कार्यक्रम | सिता कुमारी मल्ल | जनप्रतिनिधि/ कर्मचारी | २४ | ८५० | २०,४०० | |
| न्युनतम सेवा मापदण्ड सम्बन्धि १ दिने समिक्षा कार्यक्रम | सिता कुमारी मल्ल | जनप्रतिनिधि/ कर्मचारी | ८ | ९५० | ७,६०० | |
| स्वास्थ्यकर्मिको लागि स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड सम्बन्धि समिक्षा कार्यक्रम | सिता कुमारी मल्ल | कर्मचारी | १० | दैनिक भ्रमण भत्ता | ४६,८०० | यातायात दिएकोले दोहोरो |
| सुरक्षा कर्मीलाई प्राथमिक उपचार सम्बन्धि तालिम | सिता कुमारी मल्ल | जनप्रतिनिधि/ कर्मचारी | ४२ | ८५० | ३५,७०० | |
| सुरक्षा कर्मीलाई प्राथमिक उपचार सम्बन्धि तालिम | सिता कुमारी मल्ल | कर्मचारी | १२ | दैनिक भ्रमण भत्ता | ३९,००० | यातायात दिएकोले दोहोरो |
| **जम्मा** | | | | | **१,४९,५००** | |

| | |
|---|---|
| अनियमित भएको | १,४९,५०० |

९७ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका १० बर्थिङ सेन्टरमा गत वर्ष १५० मौज्दात रहेको यस वर्ष ३५० थान को रु.३,१४,८१०।

खरिद गरेकोमा २२६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २७४ थान न्यानो झोला रु.२,४६,४५१। मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

९८ **सुत्केरी पोषण कार्यक्रमः**

कर्णालि प्रदेश सरकार अनुदान रकम अन्तर्गत सुत्केरी आमाहरुका लागि प्रदेश कोशेली कार्यक्रमबांट स्वास्थ्य संस्थामा सुत्केरी भएका आमहारुलाई प्रदेश पोषण कार्यक्रम कार्यविधि अनुसार प्रति आमा रु.२५०० का दरले उपलब्ध गराउने व्यवस्था अनुरुप निम्नानुसार स्वास्थ्य चौकीमा भत्ता वितरण गरेको भर्पाइ पेश नगरेको रकम रु.१,५७,५०० फरक परेकाले वितरण भर्पाइ पेश गर्नु पर्ने रु.

| क्र सं | स्वास्थ्य संस्थाको नाम | भत्ता भुक्तानी भएको संख्या | भर्पाइ पेस संख्या | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| 5 | सेरीवाडा स्वास्थ्य चौकी | 18 | 0 | 2,500 | 45,000 |
| 7 | गुराँस अस्पताल | 4 | 0 | 2,500 | 10,000 |
| 8 | सानाकाँडा सामुदायिक स्वा.इकाइ | 17 | 15 | 2,500 | 5,000 |
| 9 | पिलाडी स्वास्थ्य चौकी | 31 | 26 | 2,500 | 12,500 |
| 10 | लालिकाँडा स्वास्थ्य चौकी | 14 | 0 | 2,500 | 35,000 |
| 11 | धरमपोखरा आ.स्वा.सेवा केन्द्र | 20 | 0 | 2,500 | 50,000 |
| | जम्मा | | | | 1,57,500 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५७,५०० |

९९ **औषधि खरिद –**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले ससर्त वजेट बाट रु.११,८२,९५६। र समानिकरण बजेट बाट रु.९,८७,९४१.५० गरि रु.२१,७०,८९७। खर्च गरेको छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

१०० **प्रशिक्षक भत्ता**

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको सहायकस्तर/अन्य तालिममा कार्यपत्रबापत रु. ७०० र कक्षा सञ्चालनबापत रु. ६०० तथा सीप विकास तालिममा ३० दिनसम्मको आवधिक व्यवस्थामा वाहिरी प्रशिक्षक भए प्रतिदिन मुख्य प्रशिक्षकले रु.७०० र ३० कार्यदिनभन्दा बढी भए प्रतिमहिना रु १०,००० खर्च लेख्न सकिने र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुप पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम तालिम/कार्यक्रममा बढी खर्च लेखेको पाइयो। तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेकोले रु. ७३,५३० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| भौचर नं | भुक्तानी लिनेको नाम | प्रयोजन | सेसन/दिन | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी (कर कट्टीपछिको) |
|---|---|---|---|---|---|---|
| ६७-२०८०।९।१९ | बसन्तमान श्रेष्ठ | स्वास्थ्यकर्मिको क्षमता विकास | ७ | १४,००० | ९,८०० | २,७३० |
| ९३-२०८०।१०।२९ | प्रविण तिमिल्सेना | Elmis सम्वन्धी तालिम | ७ | १४,००० | ९,१०० | ३,५३५ |
| १९८-२०८१।२।१ | निरु रावल | गरिवी निवारण कार्यक्रम | २२ | ४४,००० | १५,४०० | २६,२९० |
| २४४-२०८१।३।७ | सशिकला दर्लामी मगर | सिप विकास तालिम | ३० | ६०,००० | २०,००० | ३७,००० |
| जम्मा | | | | | | ६९,५५५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **३,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६९,५५५ |
|---|---|

१०१ **नन-फाइलर**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने र कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मूल्य अभिवृद्धि कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा ननफाइलर रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म भ्याट ननफाइलर रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन गर्न सकिएन। यसरी भुक्तानी भएको कर चुक्ता र मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| सि न | गोश्वार भौ. न | निर्माण व्यवसायी सप्लायर्सकर्ता फर्म | बिजक नं / मिति | मू अ करबाहेक भुक्तानी | मू. अ कर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १४६-२०८०।१२।९ | सुर्खेत साइन्स एण्ड सर्जिकल्स | ०८६-२०८०।१२।०६ | २९,७५६.२५ | ३,८६८.२५ | Non-filer since 2080/T/ |
| २ | १४६-२०८०।१२।९ | सुर्खेत साइन्स एण्ड सर्जिकल्स | ०८७-२०८०।१२।०६ | २४,९१२.५० | ३,२३८.६२ | |
| ३ | १४६-२०८०।१२।९ | सुर्खेत साइन्स एण्ड सर्जिकल्स | ०९४-२०८०।१२।०६ | ४,७६,२५० | ६१,९१२.५ | |
| ४ | १५४-२०८१।०२।१३ | हिमाल पर्वत कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ००१-२०८०।११।१६ | ६६,३७०.८० | ८,६२८.८० | |
| ५ | 229-080/10/12 | इन्जन इन्जिनियरिङ्ग | | 175000 | 20132 | 2080।T।5 |
| | | | | | ९७७७८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,७८०.१७ |

१०२ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) को नियम ७ को उपनियम (१) बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालयभन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले तोकिएको दरमा दैनिक भत्ता पाउने, उपनियम (४) मा कार्यालय पुगेको दिनको उपनियम (१) बमोजिम पाउने दैनिक भत्ताको पच्चिस प्रतिशत रकम मात्र भुक्तानी पाउने र उपनियम (११) मा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। तर नमुना परीक्षणको रुपमा कार्यालयको श्रेस्ता परीक्षण गर्दा कार्यालयले देहाह बमोजिम कर्मचारीहरुलाई दैनिक भ्रमणमा रही दैनिक भत्ता उपभोग गरेको अवस्थामा पुन स्थानीय भत्तासमेत भुक्तानी गरेको छ। कार्यालयले दैनिक भ्रमण भत्ता भुक्तानीमा स्थानीय भत्ता कट्टा नगरेकोले तपसिलका कर्मचारी तथा पदाधिकारीहरुबाट रु 3,080 रकम असुल गर्नुपर्ने रु.

| गो. भौचर नं. | भुक्तानी लिनेको नाम | भ्रमण अवधि | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| ६७-२०८०।९।१९ | गुरु प्रसाद शर्मा | २०८०।०८।१०-१२ | ५,९०० | ५,१५६ | ७४४ |
| ६७-२०८०।९।१९ | रण बहादुर चन्द | २०८०।०८।१०-१२ | ७,६०० | ६,५५३ | १२४७ |
| ६७-२०८०।९।१९ | धिरज खड्का | २०८०।०८।१०-१२ | ५,९०० | ५,१५६ | ७४४ |
| १२३-२०८०।११।२२ | भुवन कुमार भण्डारी | २०८०।११।१२-१४ | २,७०० | २,३५५ | ३४५ |
| जम्मा | | | | | ३,०८० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **७१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **७४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,३३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०८० |

१०३ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,०९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,०७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०४ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय रकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१०५ **विद्यालयगत निकासा खाता**

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

१०६ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्रीलक्ष्मी माध्यमिक विद्यालय,रतिखोला | १५ | ३५८ | १:२३ |
| २ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, घोडावाँस | ७ | १४६ | १:२१ |
| ३ | श्रीदुर्गादेवी माध्यमिक विद्यालय,पुलिया | ६ | २१४ | १:३६ |
| ४ | श्री भगवती प्राथमिक विद्यालय, सेरीवाडा | ३ | २७ | १:९ |
| ५ | श्री भैरवप्राथमिक विद्यालय, रानीवन | १ | ३२ | १:३२ |
| ६ | श्री वालकल्याणआधारभुत विद्यालय, चिसापानी | ४ | १३५ | १:३४ |
| ७ | श्री गणेश वालप्राथमिक विद्यालय, पुनाकोट | १ | १५ | १:१५ |
| ८ | श्री पार्वतीमाध्यमिक विद्यालय, गोगनपानी | १६ | ३७२ | १:२३ |
| ९ | श्री कृष्ण माध्यमिक विद्यालय, सानाकाँडा | ६ | २४४ | १:४१ |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय, भैरी | २ | ३९ | १:२० |
| ११ | श्रीदुर्गादेवि प्राथमिक विद्यालय, सियालाभैरी | ३ | ९४ | १:३१ |
| १२ | श्री भगवतीप्राथमिक विद्यालय, सल्लेरीडाँडा | २ | २८ | १:१४ |
| १३ | श्रीसिद्धमालिका प्राथमिक विद्यालय, डाडापोखरा | १ | १६ | १:१६ |
| १४ | श्री गुराँस आधारभुत विद्यालय, रानिमत्ता | ६ | ६८ | १:११ |
| १५ | श्री सरस्वती माध्यमिक विद्यालय, पातिकाल्ला | १५ | ५३९ | १:३६ |
| १६ | श्री भगवती माध्यमिकविद्यालय, सेप्टी | ६ | ३०७ | १:५२ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:५२ देखि न्युनतम १:९ सम्म रहेको देखिन्छ । IEMIS विवरण अनुसार पालिकाको ४६ वटा सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको देखिन्छ । पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घटुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ ।

१०७ **स्यानीटरी प्याड डिस्पोजल मेसिन**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.२३ को क्रियाकलाप नं ४ मा स्थानीय तहले स्यानीटरी प्याड खरिद गरी रकम बचत भएमा सामुदायिक विद्यालयहरुमा डिस्पोजल मेसिन नभएमा एकपटकका लागि स्यानीटरी प्याडडिस्पोजल मेसिन खरिद गरी वितरण गर्ने व्यवस्था छ। पालिकाले बाकि रहेको रकमबाट १९ थान स्यानीटरी डिस्पोजल मेसिन कोटेशन बिधिबाट सरोवर ट्रेड कन्सर्नबाट खरिद गरी गोश्वारा भौचर नं २०३-२०८१।०३।०९ बाट रु ७,९२,३०० भुक्तानी दिएको छ। पालिकाले डिस्पोजल मेसिन लेखापरीक्षण अवधिसम्म १७ वटा विद्यालयहरुलाईमात्र वितरण गरेको भरपाइ पेश गरेकोले बाकि २ वटाको रु ८३,४०० वितरणको भरपाइ पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,४०० |

१०८ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१.११ मा शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा प्रविष्टी भएको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५ दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले

विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको दिनको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक विवरणको आधारमा स्थानिय तहले विद्यार्थी सङ्ख्या एकिन गरी दिवा खाजा मापदण्डको आधारमा बमोजिम खाजा उपलब्ध गराए नगराएको अनुगमन गरी थप अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले आ.व २०८०।०८१ मा दिवा खाजाका लागि बालकक्षादेखि कक्षा ५ सम्मका २९७६ विद्यार्थीका लागि गोश्वारा भौचर नं ४०-२०८०।०९।०३, १२५-२०८१।०२।१३, १३५-२०८१।०३।१७, १३६-२०८१।०३।१७ बाट रु ७१,९७,४७६ भुक्तानी दिएको छ । नमुना परीक्षणका रुपमा विद्यालयको खाजाको विलभरपाइ र हाजीरी परीक्षण गर्दा देहायका विद्यालयहरुबाट दिवा खाजाको रकम बढी भुक्तानी भएकोले सम्वन्धित विद्यालयबाट रु ४,७२५ असुल गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम र ठेगाना | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री आदर्श प्राथमिक विद्यालय, पिलाडी | ३,९०० | |
| २ | श्री सरस्वती माध्यमिक विद्यालय, गुरास ३ | ८२५ | |
| जम्मा | | ४,७२५ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१२,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७२५ |

१०९ **स्यानिटरी प्याड**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा कुनै पनि सामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान, विवरण, परिमाण र क्षेत्र ऐकिन गर्नुपर्ने, खरिद योजना तयार, खरिद लागत अनुमान तथा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने र कार्यक्रम पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या एकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क स्यानीटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका १८०१ छात्रा विद्यार्थीका लागि ४१,२०० थान स्यानीटरी प्याडका लागि गोश्वारा भौचर नं १९०-२०८१।०१।२६ बाट बोलपत्र बिधिबमोजिम सरोवर ट्रेड कन्सर्नबाट प्रति स्यानीटरी प्याड रु.२०.४७ (मूल्य अभिवद्धि करसहित) का दरले रु ८,४३,३६४ मा खरिद गरी भुक्तानी दिएको छ। खरिद गरेकोमध्ये ३६,०२० स्यानीटरी प्याडमात्र वितरण गरेको भरपाई पेश गरेकोले बाकि ५,१८० स्यानीटरी प्याडको रु.१,०६,०३४.६० को वितरण गरेको भरपाई प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,०३४.६ |

११० **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीका लागि आर्थिक वर्षको प्रथम त्रैमासिक र कक्षा १-१० का लागि तेस्रो त्रैमासिकभित्र विद्यार्थी सङ्ख्याको आधारमा ७५ प्रतिशत अनुदान दिने र नयाँ शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भरपाइको आधारमा एकिन गरी नपुग रकम दोस्रो पटक २५ प्रतिशत थप अनुदान दिने व्यवस्था छ । पालिकाले पालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुलाइ निशुल्क पाठ्यपुस्तकका लागि विद्यालयहरुलाइ रु ३८,३८,५३३ भुक्तानी दिएको छ ।तर नमूना परीक्षणका क्रममा पालिकाभित्रका केहि सामुदायिक विद्यालयले पेस गरेको पाठ्यपुस्तकको बिल भरपाई परीक्षण गर्दा निम्न विद्यालयहरुमा विल भरपाईभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री गणेश वाल प्रा वि पुनाकोट | ६,६३१ | |
| २ | श्री सिद्धमालिका प्रा वि डाडापोखरा | ६,६३१ | |
| ३ | श्री जनसहयोग प्रा वि खनारा | ६,६३१ | |
| ४ | श्री महालक्ष्मी प्रा वि सिर्पासैन | ६,६३१ | |
| ५ | श्री पार्वती प्रा वि उगाडा | ६,६३१ | |
| ६ | श्री जनकल्याण प्रा वि वडावल | ६,६३१ | |
| ७ | श्री सरस्वती प्रा वि मर्खे | ५,४२५ | |
| ८ | श्री भगवती प्रा वि सेरीवाडा | ३,६१७ | |
| ९ | श्री कालिका प्रा वि वेड्गाउँ | ३,६१७ | |
| १० | श्री चण्डेश्वरी प्रा वि ओख्रेनी | ३,६१७ | |
| ११ | श्री भैरव प्रा वि रानीवन | १,२०६ | |
| जम्मा | | **५७,२६८** | |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४,८२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,८०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,८०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२६८ |

१११ **शिक्षकको तलब बढि भुक्तानी**

शिक्षा नियमावली, २०५९ (संसोधनसहित) को नियम १२६ उपनियम (२) मा किताबखानाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थायी शिक्षकहरुको वार्षिक तलवि प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी दिनुपर्ने प्रावधान छ। सोहि अनुसार पालिकाले राष्ट्रिय किताबखानाबाट (शिक्षक) स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गरेको छ। पारित तलवि प्रतिवेदनमा श्री सरस्वती माध्यमिक विद्यालयको शिक्षक श्री अशोक कुमार खड्काको २ ग्रेडमात्र पारित भएको तर निजले ३ ग्रेडसहितको तलवभत्ता बुझेको तलवी भरपाइ पेश भएकोले बढी भुक्तानी भएको १ ग्रेडको तलबभत्ता रु १६,४४३.६० सम्बन्धित शिक्षकहरुबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,४४३.६ |

११२ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.११ को उपक्रियाकलाप नं ६.७ मा नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ड पुरा भएका सामुदायिक सिकाइ केन्द्रहरुलाइ वार्षिक एकमुष्ठ रु २,५०,००० अनुदान दिने र सोबाट तोकिएको कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाभित्र रहेका तपशिलका सामुदायिक सिकाइ केन्द्रहरुलाई अनुदान रकम भुक्तानी गरेको तर खर्चको बिलभरपाइ र सामाजिक सुरक्षा कर कट्टा नगरेकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.

| **गो. भौ. न** | **सिकाइ केन्द्रको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १७०-२०८१।०१।०६ | प्रगतीशिल सामुदायिक अध्ययन केन्द्र | २,५०,००० | |
| १७०-२०८१।०१।०६ | दिपज्योती सामुदायिक अध्ययन केन्द्र | २,५०,००० | |
| १७०-२०८१।०१।०६ | रतिखोला सामुदायिक अध्ययन केन्द्र | २,५०,००० | |
| जम्मा | | ७,५०,००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,००० |

११३ **सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८,६११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **८,६१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११४ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट ७७४ जनाको लागि रु.७१ लाख ९१ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। अनुदान उपलब्ध गराएको केही उदाहरणहरु

| **क्रम** | **अनुदानको किसिम** | **व्यक्ती संख्या** | **पालिका बाट खर्च रु. हजारमा** |
|---|---|---|---|
| १ | बाख्रा पकेट निरन्तरत | 32 | 671 |
| २ | मासु प्रवर्धनकार्यक्रम | 6 | 294 |
| ३ | एक घर एक बगैचा कार्यक्रम ७५ प्रतिशत अनुदान | 180 | 180 |
| 4 | कृषि यन्त्रिकरण | 244 | 970 |
| 5 | पकेट निरन्तरता | 75 | 600 |

११५ **मुख्यमन्त्री रोजगार कार्यक्रम -**

कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका ७ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु.८८,४७,५७५/- खर्च भएको छ । सुचिकृत भएका श्रमिकहरु मध्ये सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ७ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १३१ जना श्रमिकले औषत ५५.५२ दिन रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

११६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष १०० जनालाई औसत ९१.५ दिनले ९,१५० दिन रोजगारी उपलब्ध गराई रु.६०,७८,२००।श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन योजनामा दोहोरो नहुने गरी योजना

छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

११७ **सामाजिक सुरक्षा**-

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले प्रभु बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता रु.१०,८३,९५,१८४। वितरण गरेको देखिन्छ। यस आ.ब को चौथो त्रैमासिक सम्ममा रु.१०,८३,९५,१८४।रकम वितरणको लागि लाभग्राहिको खातामा इ.एफ.टी भएको पाइयो। इ.एफ.टी गर्दा विभिन्न कारणले बसाइ सराइ र मृत्यु भएकाको खातामा बचत भएको रकम यकिन हुने कागजात नदेखिएकाले सो यकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गुरास गाउँपालिका, दैलेख , गुराँस गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बम बहादुर के.सी. | २०७९-४-१५ | २०८०-६-१६ |
| कार्यालय प्रमुख | परस बहादुर सेजुवाल | २०८०-६-१७ | २०८०-७-२७ |
| कार्यालय प्रमुख | दिनेश दाहाल | २०८०-८-१२ | २०८१-५-२६ |
| कार्यालय प्रमुख | दिल बहादुर पौडेल | २०८१-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिनेश दाहाल | २०७६-९-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,०६३,५१८.६ | १२,६११,९२६ | ११,१८३,९६४.७७ | ० | ० | ३,४३८,१०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३१,२९७,५०९.३७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६२४,५६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३०,६७२,९४७.३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८१२९३७०८.१७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७३२६८८८९.३ | **चालु खर्च** | ४६०६६१५४४.६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४०३६२९३८.६ | **पूँजीगत खर्च** | १६१३०४८०२.६ |
| **राजश्व बाँडफाँट** | ३९६०८८५१.४६ | **वित्तीय/अन्य व्यवस्था** | ६३४६४३५.१५ |
| **आन्तरिक आय** | ९३३४४८४.२५ | | |
| **अन्य आय** | ०.० | | |
| **कुल आय** | ५६२५७५१६३.६१ | **कुल खर्च** | ६२८३१२७८२.३५ |
| **बाँकी मौज्दात** | | १५५५६०८९.४३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहबाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पुर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।